# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चन्द्रागीरी नगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चन्द्रागीरी नगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

चन्द्रागीरी नगरपालिका

काठमाडौं

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. १५२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

चन्द्रागिरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

काठमाण्डौं ।

१. **कैफियत सहितको राय** — हामीले चन्द्रागिरी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ७ करोड ९१ लाख ५४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २ करोड ८७ लाख ९४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ९ लाख ७९ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७८ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ९३ लाख ३४ हजार र पेश्की बाँकी रु. २१ लाख ८५ हजार समेत रु ५ करोड ३ लाख ६० हजार रहेको छ । चन्द्रागिरी नगरपालिकाको गतवर्ष सम्म रु. १८ करोड २१ लाख ६४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २३ करोड २५ लाख २४ हजार रहेको छ । चन्द्रागिरी

नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी चन्द्रागिरी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकरप्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

चन्द्रागिरी नगरपालिका,

काठमाण्डौं जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६७ | १२६ | ७९१५४ | | ७० | २८७९४ | ६७ | ५६ | ५०३६० | ९७९ | २९३३४ | १७८६१ | | | ४७१९५ | २१८५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाण्डौं | २०४३३१ | | २२१६७ | १८२१६४ | | ५०३६० | २३२५२४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | २४ | कर्मचारी करार | ४९२००० |
| | | ३२ | बाल विकास थप अनुदान | ३५१०००० |
| | | ४२ | करार कर्मचारीलाइ महंगी भत्ता | ६००००० |
| | | ४३ | गुनासो सुनुवाइ भत्ता | ४८९६०० |
| | | ४६ | शिर्षक फरक पारी खर्च | ५२९७०७५ |
| | | ५० | बाटो ढलान कार्य | १०५३४०० |
| | | ५१ | बाटो निर्माण | १६७०२००० |
| | | ६० | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६५०००० |
| | चालु वर्षको जम्मा | | | २८७९४०७५ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७३।७४ | ५७ | प्रमाण पेश गरेको | १००००० |
| | | ११ | प्रमाण पेश गरेको | १६५५९७ |
| | | २१ | प्रमाण पेश गरेको | १९८८८० |
| | २०७४।७५ | २१ | प्रमाण पेश गरेको | ४६१३० |
| | २०७५।७६ | ७० | प्रमाण पेश गरेको | १९३५०००० |
| | | ७२ | प्रमाण पेश गरेको | १४२१३६ |
| | | १७४ | प्रमाण पेश गरेको | ४२४२ |
| | | ७५.२ | प्रमाण पेश गरेको | ३१५०० |
| | | ७५.४ | प्रमाण पेश गरेको | १६००० |

| | | | | |
|---|---|---|---|---|
| | २०७६।७७ | ४४ | प्रमाण पेश गरेको | १७८२७ |
| | | ७४ | प्रमाण पेश गरेको | ५४८१०० |
| | | ७८ | प्रमाण पेश गरेको | ५०४५८४ |
| | | १२१ | प्रमाण पेश गरेको | २४६९०० |
| | | १२६ | प्रमाण पेश गरेको | ४७८०४४ |
| | | १३३ | प्रमाण पेश गरेको | ७७१७३ |
| | | १३५ | प्रमाण पेश गरेको | २४०००० |
| | **गत विगतको जम्मा** | | | **२२१६७११३** |
| | **कुल जम्मा** | | | **५०९६११८८** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

**(क) कार्यालय परिचय :-** स्थानीय तहमा उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्द सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाईं प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।२६ देखि २०८०।१०।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११०७८६५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| भौ न र मिति | नाम | बैङ्कको नाम | रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १८२।१२।१६ | मंगलोदय मावि | राष्ट्रिय वाणिज्य बैङ्क | १८१००० | स्यानिटरी प्याड खरिद नभएको रकम |
| १२८।०७९।१०।२९ | विद्यामन्दिर मावि | राष्ट्रिय वाणिज्य बैङ्क | १८००० | छात्रवृत्ति वितरण बाँकि रकम |
| १२८।०७९।१०।२९ | विद्यामन्दिर मावि | राष्ट्रिय वाणिज्य बैङ्क | २००००० | ल्याव सामाग्रि खरिद नभएको रकम |
| १०८।०७९।१०।११ | विद्यामन्दिर मावि | राष्ट्रिय वाणिज्य बैङ्क | १९१६९२ | ओजिटि वापत दाखिला रकम |
| १०८।०७९।१०।११ | कंकाली मावि | राष्ट्रिय वाणिज्य बैङ्क | ३०००० | ओजिटि वापत दाखिला रकम |
| ०८०।११।६ | मंगलोदय मावि | राष्ट्रिय वाणिज्य बैङ्क | २०८२६९ | बढि निकासा तलब रकम दाखिला |
| | कर्मचारी | राष्ट्रिय वाणिज्य बैङ्क | १३६८५० | नियम विपरितका भत्ता र बढी भुक्तानी |
| | कर्मचारी | राष्ट्रिय वाणिज्य बैङ्क | १०००० | महगि भत्ता |
| २०८०।१२।१ | नारायण मा वि | | ११६४०७ | |
| २०८०।११।२१ | जनकल्याण मा वी | | २५६४७ | |
| | | जम्मा | ११०७८६५ | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्रापि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूची ३ मा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२०१२५५१४४, र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु. ४६३००० समेत गरी रु. २०१७१८१४४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब —**पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गतवर्षको जिम्मेवारी रु. ३९०१७१४३१ यस वर्षको प्राप्ति रु. २२७१२८४२७,यस वर्षको भुक्तानी रु. २१३८९८३५४र बैङ्क मौज्दात रु. २१३६९३९८९फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| आयव्यय विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आ.व २०७९।८० | | | | | | | |
| चन्द्रागिरी नगरपालिका,बलम्बु | | | | | | | |
| सि. नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २२१२२३२१० | १ | चालु खर्च | ७५५०१५६३२ | ९५६७३३७७६ |
| | क) नगद | | | | सामाजिक सुरक्षा | २०१२५५१४४ | |
| | ख) बैंक | २२१२२३२१० | | | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६३००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | राजस्व (आन्तरिक आय) | | ८१८९५४९२० | २ | पूँजीगत खर्च | ७७५१३१९०६ | ७९९२४४४५६ |
| | क) आन्तरिक राजस्व | २३५४४२२५४ | | | क)पर्यटन पूर्वाधार विकास अयोजना | ९८५००० | |
| | ख) राजस्व बाँडफाँड | ५८१७९७३६१ | | | ख) सडक बोर्ड नेपाल | ४४४६६०० | |
| | ग) अन्य आय | १७१५३०५ | | | ग)आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९८०९५० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ६६६९३६९८५ | | घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७७००००० | |
| | क)वित्तिय समानीकरण अनुदान | २२७८२७५०० | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ख) सशर्त अनुदान | ४१५१३३११२ | | | क) ऋण भुक्तानी | | |
| | ग) समपूरक अनुदान | ८३५१५०७ | | | ख) ब्याज भुक्तानी | | |
| | घ) विशेष अनुदान | १५६२४८६६ | | | ग) अन्य भुक्तानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७०००७४६० | ४ | लगानी | | |
| | क)वित्तिय समानीकरण अनुदान | २४९८८००० | | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | १८९५६४२७ | | | शेयर लगानी | | |
| | ग) समपुरक अनुदान | २१६४४७३३ | | | अन्य लगानी | | |
| | घ) विशेष अनुदान | ४४१८३०० | | ५ | धरौटी फिर्ता | ११८४१९३३ | ११८४१९३३ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ६ | जनश्रमदान फिर्ता | | |
| ६ | अन्य | | २४११२५५० | ७ | कोष फिर्ता | | |
| | क)पर्यटन पूर्वाधार विकास अयोजना | ९८५००० | | ८ | मौज्दात | | २४६९७५०३७ |
| | ख) सडक बोर्ड नेपाल | ४४४६६०० | | | क) बैंक मौज्दात | २४६९७५०३७ | |
| | ग)आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९८०९५० | | | ख) नगद मौज्दात | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७७००००० | | ९ | शसर्त अनुदान फिर्ता | | |
| ७ | विभिन्न कोष तर्फको आय | | १७७९३१९८२ | १० | गत बर्षको बढी अल्या | | |
| | क) कर्मचारी कल्याणकोष | | | ११ | जनश्रमदान मौज्दात | | |
| | ख) प्रकोप व्यवस्थापन कोष | १५२९९३३९ | | १२ | धरौट मौज्दात | ३१०३६३५६ | ३१०३६३५६ |
| | ग)स्थानिय तह विविध कोष खाता | ३१७५७०५५ | | १३ | कोष खाताको मौज्दात | | १७७९३१९८२ |
| | घ)स्थानिय तह विविध खर्च खाता | १३०८७५५८८ | | | क) कर्मचारी कल्याण कोष | | |
| ८ | जनसहभागिता (नगद) | | | | ख))स्थानिय तह विविध कोष खाता | ३१७५७०५५ | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | ग)स्थानिय तह विविध खर्च खाता | १३०८७५५८८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | धरौटी आय | ४२८७८२८९ | ४२८७८२८९ | | घ) प्रकोप व्यवस्थापन कोष | १५२९९३३९ | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | स्थानिय पूर्वाधार | | | | | | |
| १३ | सामाजिक सुरक्षा | २०१२५५१४४ | २०१२५५१४४ | | | | |
| १४ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६३००० | ४६३००० | | | | |
| | जम्मा | २२२३७६३५४० | २२२३७६३५४० | | जम्मा | २२२३७६३५४० | २२२३७६३५४० |

<u>**तुलना**</u>

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६११३९४६४१ | १७७५४११९०३ | १५५३९२१८११ | ६६९६३७३६४ |
| एकीकृत आर्थिक विवरणअनुसार | २२१२२३२१० | २००२५४०३३० | १७६७८२०१६५ | ४५५९४३३७५ |
| फरक | ३९०१७१४३१ | -२२७१२८४२७ | -२१३८९८३५४ | २१३६९३९८९ |

२.४ **फरक जिम्मेवारी -** स्थानिय तहको सञ्चित कोषमा गत विगतको वाँकि, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ४४८०३२३२१।५२ मौज्दात् कायम भएकोमा यो वर्षको सुरुमा रु. २२१२२३२०९।५९

जिम्मेवारी सारी रु.२२६८०९१११।९३ घटी जिम्मेवारी सारेको देखियो । गत वर्षको जिम्मेवारी फरक देखिएको रकमको हिसाव मिलान गर्नुपर्नेमा नगरी यस वर्ष यस्तो रकममा पुनरावृति भएको छ । यस्तो फरक रकमको वास्तविकता पहिचान गरी जिम्मेवारी अंक यथार्थपरक बनाउनुपर्दछ ।

२.५ सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु. ४६,३४,२४,४९३.५२ रहेकोमा यस वर्ष रु. ६१,१३,९४,६४०.५२ जिम्मेवारी सारेको छ । यसरी बढी जिम्मेवारी सारेको रु.१४७९७०१४७।०० का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.६ सुत्रको यस वर्षको प्राप्ति तथा भुक्तानी विवरणमा श्रेस्ताअनुसार रु.८३,२८,८४,७३२.९२ बाँकि रहेको जनाएकोमा वैंकअनुसार रु. ६६,९६,३७,३६३.९२ मात्र देखिन्छ । सुत्रको वित्तिय प्रतिवेदन अनुसारमा वैंकमा कमि देखिएको रु.१६,३२,४७,३६९ का सम्वन्धमा पालिकाले एकिन गरिनुपर्दछ ।

२.७ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४, बैंक तथा नगद वाँकि विवरण र श्रेस्तामा निम्नानुसार रकम फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी यकिन गर्नुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| एन आई सि एशिया बैंक लि. | ०१०२०५०५०६८६७००९ | ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० |
| एन आई सि एशिया बैंक लि. | ०१०२०५०५०६८६७०१० | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० |
| एन आई सि एशिया बैंक लि. | ०१०२०५००२८६३७००२ | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| एन आई सि एशिया बैंक लि. | ०१०२०५००२८६५१००२ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० |
| एन आई सि एशिया बैंक लि. | ०१०२०५००२८६३९००४ | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० |
| एन आई सि एशिया बैंक लि. | ०१०२०५००२८६४२००२ | ग २.७, विविध खर्च खाता | १३,०८,७५,५८८.०० | १३,०८,७५,५८८.०० |
| एन आई सि एशिया बैंक लि. | १०CA०५०६८६७५२४०२ | ग ३.१, स्धानीय तह धरौटी खाता | ३,१०,३६,३५६.०० | ३,१०,३६,३५६.०० |
| एन आई सि एशिया बैंक लि. | १०CA०५०६८६७५२४०४ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २४,६९,७५,०३७.०६ | २४,६९,७५,०३७.०६ |
| एन आई सि एशिया बैंक लि. | १०२०५०५०६८६७०१२ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ३,१७,५७,०५५.०० | ३,१७,५७,०५५.०० |
| एन आई सि एशिया बैंक लि. | ०१०२०५००२८६४३००२ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० |
| एन आई सि एशिया बैंक लि. | १०२०५००२८६४५००२ | ग ७.२, स्थानीय तह प्रकोप | १,५२,९९,३३८.९३ | १,५२,९९,३३८.९३ |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन कोष खाता | | |
| बैंक कारोबारमा भिन्नता ]राजस्व खाता र सञ्चित कोष खाता[ | | | २१३६९३९८८.९३ | |
| जम्मा | | | ६६९६३७३६३.९२ | ४५५९४३३७४.९९ |

२.८ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात विविध कोष खाता समेतमा जम्मा रु.१३०८७५५८८ मौज्दात रहेको विवरण पेश भएको छ । तोकिएको समयमा सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.९ **राजस्व बाँडफाँड —** पालिकाले विनियोजन ऐन २०७९ तथा आर्थिक ऐन २०७९ अनुसारमा संकलन गरेको निम्नानुसारको विज्ञापन कर तथा दहत्तर वहत्तर शुल्क वापतको राजस्व जम्मा रु.१७१५३०५ संकलन भएकोमा संघ तथा प्रदेशमा बाँडफाँड नगरी पालिकाकै खातामा राखेको पाईयो । सुत्रको अनुसुचि १४ अनुसार विज्ञापन करको रु.२१५३०५ राजस्व बाँडफाँड गर्न बाँकि रहेको तथा विनियोजन ऐन तथा स्थानिय सरकार सञ्चालन ऐन अनुसार बाँडफाँड गर्नुपर्ने देखिएको छ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

•सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन गर्दा प्राविधिक पुष्ट्याई र कारणसहित भेरिएसन गर्न सकिने व्यवस्था अनुसार केहि योजनामा कुल सम्झौता भन्दा बढी भुक्तानी नभएतापनि केहि आईटममा २५ प्रतिशतभन्दा बढी वा घटी काम भएको अवस्थामा भेरिएसन नगरेकोले सुधार गर्नुपर्ने देखिएको छ ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• भुक्तानीमा कर कट्टीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

•सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(२क) अनुसारमा नव्वे प्रतिशत काम भएपश्चात् कार्यस्विकार प्रतिवेदन जारी गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने देखिएको छ ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• तलवी प्रतिवेदन पारित नगरेको

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ४ पालनाको लेखापरीक्षण

४.१ आवधिक योजना — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.२ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्ने देखिन्छ ।

४.४ बजेट पेश, पारित र अख्तियारी — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश

गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा २ अर्ब ४७ करोड ८४ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४.५ योजना प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा वडागत र पालिकास्तरका कुल ११६९ योजनामा वजेट विनियोजन गरेको छ।

| | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50 लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा स्तरिय | १२० | १८७ | ४८६ | २१७ | १२२ | ३ | ११३५ |
| न पास्तरिय | २ | ८ | १० | १२ | २२ | १० | ३४ |
| जम्मा | १२२ | १९५ | ४९६ | २२९ | १४४ | १३ | ११६९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.६ लक्ष्य प्रगति : पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिम तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ ।पालिकाले

पेश गरेको विवरण अनुसार निम्नानुसारका कार्यक्रममा न्युन प्रगति देखिएको छ ।६ वटामा २५ प्रतिशतसम्म र अन्य ४९८ वटा कार्यक्रम/परियोजनामा शुन्य प्रगति भएको पाईयो । केहि उदाहरण निम्न छन् ।

| कार्यक्रम/योजना संख्या | यो बर्ष चालु समेतका ११६९ योजनाको खर्च | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| ११६९ | १७६९९०९१६५.०९ | ४९८ | ६ | २९ | ४७ |

वार्षिक विनियोजित वजेट तथा तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४.७ वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राहि समुदाय समेतवाट वार्षिक रु.७९,९२,४४,४५६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४.८ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९८०८५००० | ७३४०५६०० | ५ |
| २ | पूर्वाधार विकास | ९७२३९८००० | ६११८४०९१३ | ४१ |
| ३ | सामाजिक विकास | ७९०८७०००० | ५६११०४९७९ | ३६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | बातावरण तथा विकास | ७००००० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५९९७५००० | २३०६९८४२ | २ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ४४८०००७७९ | २३६८५२९८४ | १६ |
| जम्मा | | २४७००२८७७९ | १५०६२७४३१८ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी अर्थात् २ प्रतिशत रहेको छ भने वातावरण तथा विकासमा खर्च हुन सकेको देखिएन ।

## ५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. २३५४४२२५४.३८ राजस्व बाँडफाँडवाट रु. ५८१७९७३६०।६६, अन्य आय रु.२४६६३८१२६ र अनुदानबाट रु.९३८६६२५८९ तथा जिम्मेवारी रु.२२१२२३२१० समेत रु.२२२३७६३५४० आम्दानी भएकोमा चालु तर्फ रु.७५५०१५६३२र पूँजिगत तर्फ रु.७७५१३१९०६र वित्तीय ब्यबस्था तर्फ रु.२३७६७२६२७ समेत रु. १७६७८२०१६५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा नियमित तर्फ मात्र रु.१,३४,६४,००० खर्च भएको छ जुन आन्तरिक आयको ६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४३ प्रतिशत चालु, ४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा र १३ प्रतिशत वित्तिय व्यवस्था तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ६ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क शिर्षक कायम नगरेको र सिफारिस दस्तुर जनाई आम्दानि लेखे गरेको छ ।यसवाट व्यवसाय दर्ता तथा नवीकरणवापत कर सङ्कलन गरेको जनाएकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको पाईएन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ७ त्रैमासिक/चौमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रको चौमासिक खर्च विवरणअनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ९५८८२२७७६ | २२२४७००८२ | ३२५६६६४७६ | ४१०६८६२१ | २४०२१०९२२ |
| सा सु समेत | | | | | |
| पूँजिगत खर्चतर्फ | ७९९२४४४५६ | १२१५०६५३८ | १८२२१६०४९ | ४९५५२१८६९ | २३९९६३८८९ |
| जम्मा | १७५८०६७२३२ | ३४३९७६६२० | ५०७८८२५२५ | ९०६२०८०८८ | ४८०१७४८११ |
| पूजिगत खर्च प्रतिशत | | १५ | २२ | ६१ | ३० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूजिगत तर्फमात्र वार्षिक रु. ७९९२४४४५६ निकासा खर्च भएकोमा प्रथम चौमासिकमा रु. १२१५०६५३८ (१५ प्रतिशत), दोस्रो चौमासिकमा रु. १८२२१६०४९ (२२ प्रतिशत) र तेस्रो चौमासिकमा रु. ४९५५२१८६९ (६१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२३९९६३८८९ (३०प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ अनुदान रकम

८.१ **संघीय समपुरक तथा प्रदेश समपुरक अनुदान :** संघीय समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा (४)को उपदफा (२) तथा बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा(४) अनुसार समपुरक अनुदानमा संचालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तिमा ५०%

रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख छ।त्यस्तै सोहि दफामा समपुरक योजना दुई आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने समेत उल्लेख छ । पालिकाले तपशिल बमोजिमका समपुरक योजनाहरुको भुक्तानी गर्दा स्थानीय समपुरक कोषबाट ५०% भन्दा कम भुक्तानी गरेकोले ५०% लागत सहभागिता नपुगेको ले पालिकावाट कम लागत सहभागिता रहेको रकम आ व २०८०।८१ मा सोहि योजनामा खर्च भएको प्रमाण पेश हुनुपर्ने अन्यथा लागत सहभागिता नपुग रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु.

| समपुरक योजना | पालिकावाट खर्च | संघ/ प्रदेश | पालिकावाट लागत सहभागिता नरहेको | फिर्ता गर्नुपर्ने | संघ/ प्रदेश |
|---|---|---|---|---|---|
| वडा कार्यालयवाट डुंगल हुंदै दुरसंचार जाने वाटो चनपा १२ | ११९७७२०३ | १२७५४२३३ | ७७७०३० | ७७७०३० | प्रदेश |
| खरिवोट देखि वसुण्डोल जाने करीव ५०० मिटर वाटो स्तरोन्नती | ६३२२०८९ | ८८९०५०० | २५६८४११ | २५६८४११ | प्रदेश |
| तीनथाना मच्छेगाउं खुशी खुशी चोकसम्मको वाटो कालोपत्रे च.न.पा .९ र १५ | १२७८५३९ | ८३५१५०७ | ७०७२९६८ | ७०७२९६८ | संघ |
| जम्मा | | | | १०४१८४०९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०४,१८,४०९ |

८.२ **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको ५ प्रतिशत देखि ३८ प्रतिशत सम्मको रकम फिर्ता भएको देखिएको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | कैफीयत रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ४३१५९८०० | ४१५१३३११२ | १६४६४८८८ | ३८ |
| | विषेश | १८७६०००० | १५६२४८६६ | ३१३५१३४ | १७ |
| | समपुरक | ८७९३००० | ८३५१५०७ | ४४१४९३ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश सरकार | शसर्त | ३०४७०००० | १८९५६४२७ | ११५१३५७३ | ३८ |
| | विषेश | ६५००००० | ४४१८३०० | २०८१७०० | ३२ |
| | समपुरक | २६०१२००० | २१६४४७३३ | ४३६७२६७ | १७ |

## ९ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५ देखि ४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स. | योजना | ठेकेदार | ल.ई. | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पानी घाटदेखी देउराली भञ्याङ सम्म पर्यटकीय पथ निर्माण | Jalukeni Bhuwaneshwori Red Earth J.V | २०३८८०६० | १८१०७१८८ | ११ |
| २ | तिनथाना विष्णुदेवी मच्छेगाउँ सडक पुन निर्माण | Siddhartha Rauchuli J.V | २८६०४६८० | १९६९८४०१ | ३१ |
| ३ | फुटसल ग्राउण्ड निर्माण | Indrayani Nirman Sewa | ३४२३९०३ | ३२४०९०० | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | तिनथाना देखी मच्छेगाउँ सडक विस्तार आयोजना | Devisthan Shamsher J.V | २७२०७०८० | १७५८२११० | ३५ |
| ५ | तिनथाना खानेपानी प्रोजेक्ट | Atlanta Swodeshi J.V | १६४८०६०८ | १११२९२१३ | ३२ |
| ६ | खरिबोट बसुण्डोल सडक स्तरोन्नती | Bhuwaneshwori Red Earth J.V. | २६०४२७४० | १८८८१८७१ | २७ |
| ७ | वडा कार्यालय देखी दुंगल हुँदै दुरसञ्चार जाने बाटो निर्माण | Indrayani /Raktakanya/ Prakash tara J.V | ३५९८३४८८ | २५५१३१५६ | २९ |
| ८ | गुर्जुधारा चोक देखि माहालक्ष्मी मन्दिर जाने बाटो निर्माण | New Shiva Engineering Pvt.Ltd | १४०६४३०९ | ९८५११८९ | ३० |
| ९ | डिपबोरिङ १५ नं. वडा | Nawalpur Drilling and Construction | ३२७४५१९ | १९५८८६२ | ४० |
| १० | सिम्चा पिपलबोट देखि कन्चन गेटसम्म टेवा पर्खाल निर्माण | Subha Bihani Construction Pvt.Ltd | ६७३३०७६ | ३७६६२५१ | ४४ |
| ११ | डिपबोरिङ ३ नं. वडा | Nawalpur Drilling and Construction | २९४९९०३ | १५२५११० | ४८ |
| १५ | वडा नं. १० मा पानी टंकी निर्माण | Roj Skill Field J.V | ८६२८५९६ | ५३६६९९९ | ३८ |
| १७ | वडा नं. ११ कार्यालयको प्रशासकीय भवन निर्माण | Shiva Shakti/Sanatan / Red Earth J.V | २४४४८१९७ | १९५१५२३२ | २० |
| १८ | मंगल मावीमा टेवा पर्खाल निर्माण | Rauchuli Construction Pvt.Ltd | ७५७२३८२ | ४७२३४२९ | ३८ |

**१० बर्षान्तमा रकमान्तर**

आर्थिक कार्यविधि वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० को उपदफा २ एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०७९ आषाढ १४ मा आर्थिक वर्ष ०७९।८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस नगरकार्यपालिकाको मिति २०८०।२।२ को कार्यपालिकाको निर्णयवाट रु.२२३३००००० रकमान्तर गरी खर्च गरेको छ । आ. व. २०७९।८० को लागी मिति २०७९।३।१४ मा जम्मा रु.२४७८४३२००० को वजेट पारित गरेको र रकमान्तर भएको रु.२२३३००००० अर्थात् ९.०१ % रकमान्तर भएको पाईयो । तत्पश्चात्को नगरसभा आ व २०८०।८१ को वजेट पारित गर्दा विगतमा भएका रकमान्तर सम्वन्धमा कार्यपालिकाका निर्णयहरु बुँदागत तथा एकमुष्ट अनुमोदन समेत गरेको पाईएन । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियमसम्मत भएको देखिएन ।

| शिर्षक नं | खर्च शिर्षक | रकम |
|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी (स्वास्थ्य) | ६५०००००० |
| २२४१३ | करार सेवा प्राबिधक महिला बालबालिका स्वास्थ्य सामाजिक परिचालिका तथा अन्य र नगर प्रहरी समेत | ४५०००००० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३०००००००० |
| 22522 | वडागत थप चालु वजेट | ७५००००० |
| 22529 | कार्यक्रम खर्च (नगरपालिका) | ५५८००००० |
| ३११३२ | जिपिएस जिआइएस प्रणाली (डिजिटाइ म्यानुयल डिरेक्सन तथा सूचना बोर्ड) | १०००००००० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च अन्य बौद्धिक सम्पति प्राप्ति खर्च | ५०००००० |
| ३११२२ | मेशिन औजार | ५०००००० |
| | जम्मा | २२३३००००० |

## ११ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

## १२ प्रोग्राम अपडेट

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 मा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा सक्नको लागी पालिकासँग निश्चित समयावधि तोकि Program Update पेश गर्नुपर्ने हुन्छ । निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न गर्न नसकि म्याद थप गर्नुपर्ने अवस्था देखिएकोले पालिकाले सम्झौतामा प्रोग्राम अपडेट पेश गर्ने व्यवस्था गरी समयमै कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## १३ सोझै तथा टुक्रे खरिद

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंवम एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्नेमा पालिकाले यस आ.व. मा पालिकामा मसलन्द तथा कार्यालय सामाग्रि, फर्निचर र मेशिनरी शिर्षकमा रु.७४२८००० मात्र रकमको खरीद कार्य बोलपत्रका माध्यमबाट गरेको छ । त्यसवाहेक पालिकाले वोलपत्र तथा प्रतिस्पर्धा नगरी वडा कार्यालयसमेत निम्नानुसारको रु.५४२४८७६ सोझै खरीद गरेको पाईयो । अतः प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको कार्य नियमसम्मत देखिएन । प्रतिष्पर्धा हुनेगरी खरिद प्रकृया अपनाउनुपर्ने देखिएको छ ।

| खरिदको विवरण | फर्म वा पार्टिको नाम | गो. भौ. न र मिति | | भुक्तानी रकम |
|---|---|---|---|---|
| फर्निचर | नेपाल ट्रेडर्स एण्ड सप्लायर्स प्रा. लि. | २४८ | ०९/०८/२०७९ | ९८२५३८ |

| | | | | |
|---|---|---|---|---|
| | | ११०४ | ०३/१७/२०८० | ५३४८०३ |
| | आशुतोष मल्टिपर्पोज ट्रडिङ्ग प्रा.लि. | २६७ | ०९/१७/२०७९ | ९७८१८९ |
| | जम्मा | | | २४९५५३० |
| मेशिनरी | मोर्डन कम्प्युटर प्रा ली | ७१९ | ०१/२९/२०८० | ५६७२६६ |
| | ए एण्ड सि ट्रेडिङ्ग कन्सर्न | १३११ | ०१/२०/२०८० | ६५९६२५ |
| | पाथिभरा अन्जना ट्रेडर्स एण्ड हरि सर्भिसेज् प्रा.लि. | २७० | ०९/१७/२०७९ | ७१५८३० |
| | नेपा कम्प्युटर सेन्टर | १०१५ | ०३/०८/२०८० | ९८६६२५ |
| | जम्मा | | | २९२९३४६ |
| | कुल जम्मा | | | ५४२४८७६ |

## १४ परामर्श तथा डीपीआर खर्च

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रशासकिय भवनको ईन्टेरियर र डिजाईन तथा अन्य योजना समेत डि.पि.आर.को लागी परामर्श शुल्क भुक्तानी गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने र सो को पर्याप्त विश्लेषण गरि कार्यान्वयनयोग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ ।

## १५ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख

भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## १६ विमा नगरेको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न उपभोक्ता समितिहरुसँग सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना उपकरण र गरिने कामको बीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने केहि काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान राखेकोमा केहिको विमा नै नगरेको विमा गरेकोमा पनि नापि तथा कार्यसम्पन्न भएपश्चात् मात्र विमा गरेको देखियो । निर्माण अवधि समेत निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| योजनाको नाम ठेगाना | मुल्यांकन रकम रु. |
|---|---|
| इन्द्रस्थान झंगा-झिटी सडक निर्माण | ४७०३८१८ |
| धौलागिरी वुद्धचोक सडक | ४३१०००६ |
| सुनार टोल देखि भोटेपोखरी सडक स्तरोन्नति र सुनार टोल देखि भोटेपोखरी सडक सुधार योजना | ३०७७१०२ |
| वडा कार्यालय तथा स्वास्थ चौकी भवन निर्माण सम्पन्न | ४७१९८५५ |
| अस्पताल संचालन /उपकरण खरीद तथा स्तरोंनती मातातिर्थ अस्पताल | ७४८०७२० |
| वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण | ३४५०४०९ |
| ध्यःछें गुठी भवन मर्मत संभार | ३०९७६५५ |
| चन्दन भराटेश्वोर मन्दिर कम्पाउण्ड र फलैंचा पार्क निर्माण | ४३१०४०३ |
| विन्दवासिनि मन्दिर पहिलो तला ढलान | ८४७२८१६ |

| | |
|---|---|
| सतुंगल बस स्टपको मनकामना मन्दिर ब्यबस्थापन | २३११००५ |
| वालकुमारी मन्दिर पुनःनिर्माण | २४६११३९ |

## १७ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## १८ खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले नगरकार्यपालिका कार्यालयमा मात्र विविध खर्च तथा भैपरी शिर्षकबाट यस वर्ष कूल रु.६२,८७,०८६.०० खर्च गरेको छ । जसमध्ये खाना, खाजा तथा विविधमा लगायत रहेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## १९ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २० कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस आ व सम्ममा ऐन, नियमावली/ कार्यविधि लगायत ८२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि केहि कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## २१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३२ र यो वर्ष थप भएको ३५ गरी कुल ६७ विवाद दर्ता भएकोमा ६० वटा मात्र फस्यौंट भई ७ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २२ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि डि ई, प्रशासकीय अधिकृत, इन्जीनियर, मेडिकल सुपरिटेन्डन्ट तथा मेडिकल अधिकृत सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र तोकिएका पदमा स्विकृत दरवन्दि वाहेकका पदमा बढी संख्यामा कर्मचारी कार्यरत रहदाँ विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## २३ कर्मचारी पदपुर्ति र तलव भुक्तानी

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा कार्यवोझ क्षमता तथा आवश्यक्ता लगायत ध्यानमा राखि ओ एण्ड एम गरी संगठन संरचना कायम हुने व्यवस्था छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्विकृत गरे भन्दा ६० जना बढी कर्मचारी भर्ना तथा व्यवस्थापन गरी वार्षिक बढी रु. २९३३४३३१ खर्च लेखेको र नगरसभाले संगठन तथा व्यवस्थापन (O&M) हालसम्म नगरेकोले संघ तथा प्रदेशका कुनै पनि निकायमा दर्ता भएको छैन । तसर्थ स्विकृत दरवन्दि भन्दा बढी कर्मचारी राखि रु.२९३३४३३१ बढी खर्च लेखेकोमा पालिकाले ओ एण्ड एम समेत गरेको पाईएन । यसरी स्विकृत दरवन्दि भन्दा बढी कर्मचारी राखी खर्च लेखेको अनियमित देखिएको रु.

| सि न | पद | तह श्रेणी | सेवा समुह | संघले तोकेको दरवन्दी | तलब स्केल | संघले तोकेभन्दा बढी मासिक तलव | संघले तोकेभन्दा बढी वार्षिक तलव | संघ भन्दा बढी बहाल कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १० | प्रशासन | १ | ४८७३७ | ० | | |
| २ | अधिकृत | १० | शिक्षा | १ | ५६७८७ | ० | | |
| ३ | सि डी ई | ९।१० | इञ्जिनियर | १ | ४८७३७ | ० | | |
| ४ | अधिकृत | ९।१० | प्रशासन | १ | ४८७३७ | १४६२११ | १९००७४३ | ३ |
| ५ | लेखा अधिकृत | | प्रशासन | १ | ४५८५१ | ० | ० | |
| ६ | अधिकृत | ७।८ | शिक्षा | १ | ४८७३७ | ० | ० | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७।८ | स्वास्थ्य | १ | ४५८५१ | ४५८५१ | ५९६०६३ | १ |
| ८ | इञ्जिनियर | ६ | इञ्जिनियर | १ | ४५८५१ | ४५८५१ | ५९६०६३ | १ |
| ९ | इञ्जिनियर | ६ | इञ्जिनियर | १ | ४५८५१ | ९१७०२ | ११९२१२६ | २ |
| १० | आ ले प अधिकृत | ६ | प्रशासन | १ | ४३६८९ | ३०५८२३ | ३९७५६९९ | ७ |
| ११ | अधिकृत | ६ | प्रशासन | ३ | १३१०६७ | ५२४२६८ | ६८१५४८४ | १२ |
| १२ | प हे न | ५।६ | स्वास्थ्य | १ | ४५८५१ | ० | ० | |
| १३ | हेल्थ असिस्टेन्ट | ५।६ | स्वास्थ्य | १ | ४५८५१ | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | सहायक पाँचौ | | प्रशासन | ५ | १७३६५० | ० | ० | |
| १५ | लेखा सहायक | | प्रशासन | १ | ४३६८९ | ३४७३० | ४५१४९० | १ |
| १६ | प्रा स | | शिक्षा | १ | ३४७३० | ३४७३० | ४५१४९० | १ |
| १७ | इन्जिनियर | | इञ्जिनियर | १ | ४३६८९ | ० | ० | |
| १८ | कम्प्युटर अपरेटर | | विविध | २ | ५०००० | ३००००० | ३९००००० | १२ |
| १९ | महिला विकास निरिक्षक | | विविध | १ | ४३६८९ | ४३६८९ | ५६७९५७ | १ |
| २० | अमिन | | इञ्जिनियर/सर्भे | १ | ३२९०२ | ३२९०२ | ४२७७२६ | |
| २१ | सहायक पाँचौ | | प्रशासन | ३ | ४५००० | ० | ० | |
| २२ | ले पा | | प्रशासन | १ | ३४७३० | ० | ० | |
| २३ | सहायक महिला विकास निरिक्षक | | विविध | १ | ४३६८९ | ० | ० | |
| वडा कार्यालय तर्फ | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | ७ | २४३११० | २४३११० | ३१६०४३० | ७ |
| २ | सब इन्जिनियर | ६ औ | इन्जिनियर | ७ | २४३११० | २४३११० | ३१६०४३० | ७ |
| ३ | सहायक | चौथो | प्रशासन | ८ | २६३२१६ | १६४५१० | २१३८६३० | ५ |
| ४ | अ सब इन्जिनियर | चौथो | इन्जिनियर | ८ | २३०३१४ | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा कार्यालय तर्फ | ३० | | ६५०७३० | ८४५९४९० | १९ |
| कुल जम्मा | ६२ | | २२५६४८७ | २९३३४३३१ | ६० |

| | |
|---|---|
| अनियमित भएको | २,९३,३४,३३१ |

२४ **कर्मचारी करार**

*………. (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ४९२,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

२५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु १४८३१२१२ पेश्की रहेकोमा म्याद नाघेको पेश्की रु२१८५९४७ समेत नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| पेश्कीको विवरण | पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| कविर अमात्यको घर देखी आनन्द भैरव जाने बाटो ट्र्याक खोल्ने | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | ८१२६५ | ० | ८१२६५ |
| थानकोट स्वास्थ्य चौकी भवन मर्मत सुधार तथा फर्निचर | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | १०००००० | ० | १०००००० |
| विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | कंकाली माध्यामिक विद्यालय | ५०००००० | ० | ५०००००० |
| कार्यक्रम खर्च | दलित जागरण नेपाल | २०००० | ० | २०००० |

| | | | | |
|---|---|---|---|---|
| अन्य सार्वजनिक निर्माण | नैकाप बल्खु पुल वा◌ेसिगाउँ सडक निर्माण उ स | २५०००० | ० | २५०००० |
| मच्छेगांउ स्वाथ्य चौकी निर्माण | बौद्धनाथ विल्डर्स प्रा.लि. | ४२०००० | ० | ४२०००० |
| गैर आवासीय भवन निर्माण/खरिद | राष्ट्र निर्माण कम्पनी प्रा.लि. | १२३९००० | ० | १२३९००० |
| वडा कार्यालय भवन निर्माण वडा नं= ७ क्रमागत | राष्ट्र निर्माण कम्पनी प्रा.लि. | १२१७००० | ० | १२१७००० |
| मातातीर्थ पार्क (महानगर) | सिजन एण्ड सिवानी कन्स्ट्रक्सन | १४५०००० | ० | १४५०००० |
| प्रमुख धार्मिक पर्यटकीय क्षेत्र सार्वजनिक क्षेत्रमा निशुल्क वाइफाइ | एरो नेट प्रा.लि | ५५९००० | ० | ५५९००० |
| प्रमुख धार्मिक पर्यटकीय क्षेत्र सार्वजनिक क्षेत्रमा निशुल्क वाइफाइ | एरो नेट प्रा.लि | ५५९००० | ० | ५५९००० |
| कार्यक्रम खर्च | उपेन्द्रकुमार थापा | | ६६४०० | ६६४०० |
| कक्षा ३ र ५ को उपलब्धी नमुना परीक्षण | एकराज पण्डित | | १९९८०० | १९९८०० |
| कार्यक्रम खर्च | कृष्ण नारायण श्रेष्ठ | | २९६७४७ | २९६७४७ |
| कार्यक्रम खर्च | कृष्ण महर्जन | | २५००० | २५००० |
| कार्यक्रम खर्च | गोपाल श्रेष्ठ | | ३०००० | ३०००० |
| विविध खर्च | सानु माया महर्जन | | २५००० | २५००० |
| कार्यक्रम खर्च | सानुभाई श्रेष्ठ | | २०००० | २०००० |
| कार्यक्रम खर्च | हर्क ब.महर्जन | | २०००० | २०००० |

| | | | | |
|---|---|---|---|---|
| बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम | रश्मी श्रेष्ठ | | १५०००० | १५०००० |
| शैक्षिक तालिम/कार्यक्रम संचालन/स्थानीय भाषा सिकाइ/अवलोकन | कर्ण बहादुर भुवाजी | | १५०००० | १५०००० |
| खुला व्यायाम जीम/बालउद्यान व्यवस्थापन | देवराज कपाडी | | ८०००० | ८०००० |
| कौसी खेती तालिम तथा सामग्री निःशुल्क वितरण १५ वडा लागि | शुभाष भण्डारी | | २९८००० | २९८००० |
| विविध कार्यक्रम | सानु माया महर्जन | | २५००० | २५००० |
| जनप्रतिनिधि तथा कर्मचारी तालिम एवं गोष्ठी खर्च क्षमता विकास | जीवराज पन्थी | | ५००००० | ५००००० |
| जनप्रतिनिधि तथा कर्मचारी तालिम एवं गोष्ठी खर्च क्षमता विकास | संजीव ज्ञवाली | | २००००० | २००००० |
| नगरस्तरीय खेलकूद प्रतियोगिता संचालन तथा सहयोग | सीता अर्याल | | १००००० | १००००० |
| जम्मा | | ११७९५२६५ | २१८५९४७ | १३९८१२१२ |
| | | पेश्की | | २१,८५,९४७ |

२६ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले सामाजिक परीक्षण गराएको सम्वन्धमा कुनै विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन ।

२७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## २८ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । यस पालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च हुँदै आएको छ । यसरी खर्च गर्दा योजना बनाई खर्च गर्नुपर्नेमा पालिकाले तयार गरेको एकमुष्ट कन्टिन्जेन्सि योजना तयार गरी खर्च लेखेको छ । योजनागत कन्टिन्जेन्सि खर्च खाता राखेको देखिएन । कार्यालय सम्बन्धी खर्च लगायत शीर्षकमा चालु खर्च शीर्षकबाट समेत विनियोजन भै निकासा लिई खर्च गरेकोमा कन्टिन्जेन्सीबाट समेत खर्च गरेको अवस्था छ । कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सोझै बजारबाट खरिद गरी खर्च लेखेको देखिएको छ । वार्षिक खरिद योजनामा समावेश गरी नियमको प्रावधान अनुसार खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनु पर्ने उल्लेख भएकोमा केहिमा जनाएको भएतापनि केहिमा सोको पालना भएको छैन । निर्देशिकाको व्यवस्था पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भए नभएको यकिन गर्न सकिने अवस्था देखिएन ।

## २९ फोहोरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख भएको तथा उक्त ऐनको कार्यान्वयनको माध्यमबाट फोहोरमैला व्यवस्थापनलाई राजस्व आम्दानीसँग आबद्ध गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । पालिकाले उक्त ऐनको उद्देश्य अनुरुप फोहोरमैला व्यवस्थापनको कार्य गर्नुपर्ने सुझाव सहित गत वर्षका लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् रहेको छ । त्यसैले फोहोरमैला व्यवस्थापनको कार्य गर्दा प्रचलित कानूनी व्यवस्थाको पालनालाई ध्यान दिनुपर्दछ ।

## ३० अवण्डा बजेट

स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अवण्डा नराखि आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष १४ वटा विभिन्न शिर्षकमा एकमुष्ठ अवण्डा वजेट रु.७९४५१००० विनियोजन गरी नगर प्रमुख सिफारिस योजनामा खर्च गरेको छ । बजेट अवण्डामा राखि कार्यपालिकाको निर्णय तथा नगरप्रमुख तथा उपप्रमुखको तोकादेशवाट खर्च गर्ने गरेको देखिन्छ । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित वनाउनुपर्दछ । अवण्डा बजेटवाट पालिकाले समय समयमा छुटंटै निर्णय गरी कार्यान्वयन गरेका केहि उदाहरण निम्नानुसार छन्

| शिर्षक तथा योजना | विनियोजित रकम |
|---|---|
| भैपरी आउने पुँजीगत | १६३००००० |
| अन्य पुर्वाधार विकास सुधार | ९१००००० |
| फोहोरमैला व्यवस्थापन तथा सरसफाइ | ७४२५००० |
| प्रमुख धार्मिक पर्यटकिय क्षेत्र तथा पार्क सुधार | ३२५०००० |
| कुहिने फोहोर व्यवस्थापन | ४८५०००० |
| भुमिगत पानी रिचार्ज | १२४६००० |
| कलंकीढुंगा नागढुंगा राजमार्ग | २४००००० |
| अन्तर कार्यालय पुर्वाधार साझेदार ५०/५० लागत सहभागिता | १२८००००० |
| खानेपानी संरचना | ८५००००० |
| सार्वजनिक सौचालय निर्माण | १७००००० |
| मसिने होमस्टे क्षेत्रमा पार्कीङ निर्माण र रंगरोगन समेत | ८००००० |
| भवन निर्माण वडा कार्यालय | ८३००००० |
| आकस्मिक पुर्वाधार वडा कार्यालय | २५००००० |

| | |
|---|---|
| जम्मा | ७९४५१००० |

३१ **एज बिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१) मा खरीद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धीत निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने र पेश नगरेमा निश्चित रकमको भुक्तानी रोक्का राख्नु पर्ने व्यवस्था रहेको छ । ठेक्का नं २२।०७७।७८ अन्तर्गत मदन भण्डारी पार्क निर्माणको लागी निर्माण व्यवसायी बालकोट।जट्टापोखरी जे. भी. सँग रु.४०७३६९६ मा सम्झौता भएकोमा रु.३४८०८४५ को कार्यसम्पन्न गरेको छ । निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता को Scc को gcc ७१.२ मा एज विल्ड नक्सा पेश गर्नुपर्ने र नगरेमा पालिकावाट कार्यस्विकार प्रमाणित नहुने उल्लेख छ । पालिकाले निर्माण व्यवसायीहरुलाई कार्यस्वीकार प्रतिवेदन वेगर अन्तिम भुक्तानी दिएकोमा एज विल्ट नक्सा पेश नगरेकोले सम्झौता वमोजिम रकम रोक्का नराखी भुक्तानी भएकोले उक्त नियमावलीमा भएको व्यवस्था वमोजिम एज विल्ट नक्सा सम्वन्धित निर्माण व्यवसायीवाट पेश नभएको अवस्थामा समेत अन्तिम भुक्तानी भएको पाईयो । यसमा सुधार गर्नुपर्ने देखिएको छ ।

३२ **बाल विकास थप अनुदान**

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ३,५१०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

३३ **शैक्षिक संस्था पूर्वाधार तथा सहायता**

गो भौ नं १०३६।३।१० पालिकाले शैक्षिक संस्था पूर्वाधार तथा सहायता अन्तर्गत कंकालि मा वि पुरानो नैकापसँग मिति २०८०।१।३१ मा सम्झौता गरी रु.१३२५००० र प्रभात मा वि थानकोटसँग मिति २०८०।२।१४ मा सम्झौता गरी रु.५७५००० को पहिलो किस्ता अनुदान दिएकोमा सोको कार्यप्रगति र अनुगमन प्रतिवेदन पेश भएको छैन । आर्थिक वर्षको अन्तमा अनुदान दिने र सोको कार्यप्रगति सम्वन्धमा अनुगमन समेत नभएकोले यस सम्वन्धमा पालिकाले अनुगमन प्रतिवेदन लिनुपर्दछ ।

३४ **अस्पताल उपकरण तथा स्तरोन्नति**

(गो भौ नं १०६८।३।१६) पालिकाले अस्पताल उपकरण तथा स्तरोन्नतिको लागी उपभोक्ता समितिसँग २०७८।१२।२५ मा कार्य सुरु गरी २०७९।३।३० मा सम्पन्न गर्ने गरी रु.७३८७६२९ को लागत

अनुमान तथा सम्झौता भएकोमा मिति २०८०।२।१५ अर्थात् १० महिना १५ दिन ढिला गरी रु.७४८०७१९ को कार्यसम्पन्न भएको छ । जनश्रमदान हिसाव गरी पालिकावाट जम्मा रु.६० लाख भुक्तानी भएकोमा म्याद थप नभएको साथै वहुवर्षे योजना समेत नभएकोले उपभोक्ता समितिले जिम्मा लिएका काम समयमै सम्पन्न गर्ने र वहुवर्षे योजना नरहने गरी सम्झौता गरी कार्यान्वयन हुनुपर्दछ ।

३५ **काम सम्पन्न पश्चात् विमा भएको**

गो भौ नं १०१।६।१४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएको वाहेक २० लाख रुपैया भन्दा बढीको निर्माण कार्य गराउन सकिने व्यवस्था साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने र कुनै सरकारी रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले चिल्डेन पार्क निर्माण वडा नं ७ को लागी न्यु शिवशक्ति निर्माण सेवासँग सम्झौता भई रु.४२२६३५९ कार्यसम्पन्न भई भुक्तानी भएको छ । सम्झौताअनुसारमा मिति २०७९।६।४ मा कार्यसम्पन्न भएकोमा मिति २०७९।६।९ वाट लागु हुने गरी विमा गराएको अर्थात् कार्यसम्पन्न भएपश्चात् विमा गराई रु.२२८३३ भुक्तानी गरेको पाईयो । यसरी कार्यसम्पन्न पश्चात् (ज्यामि समेत) विमा लागु भएको आधारमा भुक्तानी दिन मिल्ने देखिदैन । यसमा सुधार हुनुपर्दछ ।

३६ **अग्रिम कर** (९५७/२०८०-३-१):

आयकर ऐन २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी समिर विल्डर्स (मु अ क दर्ता नं. ६०१३३२३४६) लाई भुक्तानी भएको मु अ कर वाहेक जम्मा रु१६४६२०० को अग्रिम कर रु.२४६९३ कट्टी गर्नुपर्नेमा रु.१९५१ मात्र कट्टी गरेको पाईएकोले घटी कर कट्टी गरेको रकम सम्वन्धित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१७७ |

३७ **कर विजक** (५४/२०७९-६-१३):

मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ र दफा १४ (क) तथा आन्तरिक राजस्व विभागको कर प्रणाली सुधार शाखाको मिति २०७८।३।३१ को परिपत्र अनुसार कर विजकको सिलसिलेवार नम्वर हुनुपर्ने व्यवस्था गरेको छ भने कर विजक केरमेट गर्न मिल्ने देखिदैन । पालिकाले कंकाली भ्यु टावर निर्माणको भुक्तानीमा अनमोल एग्रिगेट ईन्डष्ट्रिजको विजक नं ०५१।३।२१ हातले लेखेको विजक नं पेश भएको छ । सो

विजकवाट भुक्तानी भएको मुल्य अभिवृद्धि कर रकम रु. ६९८७५ समेत जम्मा रु६०७३७५ भुक्तानी भएकोमा सो विजकको कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६९,८७५ |

## ३८ उपभोक्ता समितिलाई रनिङ्ग विल

(गो भौ नं १२०९।३।२१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट काम गराउन सकिने व्यवस्था छ । पालिकाले बलम्बु सहकारी समुह उपभोक्ता समितिसँग रु.२६००००० को सम्झौता गरेकोमा पहिलो रनिङ्ग विल वापत रु.१२९८११० भुक्तानी भएको छ । यसरी उपभोक्ता समितिलाई रनिङ्ग विल भुक्तानी नगरी कार्यसम्पन्न पश्चात् मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

## ३९ सामुदायिक सिकाई केन्द्र तथा संस्था अनुदान

(गो भौ १०५९,२१७६।०८०।३।२४) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.११ अन्तर्गत सामुदायिक सिकाई केन्द्रको सञ्चालन अनुदान उपलव्ध गराउनुपूर्व स्थानिय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीहरुको निर्वाचन भएको. साधारण सभावाट बजेट र कार्यक्रम पास गरेको, गत आर्थिक वर्षको खर्च स्विकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको यकिन गरि हरेक सामुदायिक सिकाई केन्द्रलाई एकमुष्ठ २ लाख अनुदान उपलव्ध गराउने व्यवस्था रहेको छ । तर पालिकाले निजी लगानिमा स्थापना भएका सिकाई केन्द्रलाई सशर्त अनुदानको रकम दिन नहुने तथा पालिकाले यसरी सञ्चालनमा रहेका सिकाई केन्द्र लाई रकम भुक्तानी गर्दा स्थानियले स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभावाट बजेट र कार्यक्रम पास भएको र लेखापरीक्षण गरी प्रतिवेदन पास भएको जस्ता मापदण्ड पुरा गरेको हुनुपर्नेमा पालिकाले यकिन नगरी उज्यालो सामुदायिक सिकाई केन्द्रलाई रु.४९२००० अनुदान दिएकोमा सो को कार्यान्वयन पुस्तिका अनुसार साधारण सभा पदाधिकारीहरुको निर्वाचन बजेट तथा कार्यक्रम पास गरेको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९२,००० |

## ४० सामुदायिक विद्यालय कक्षा ११-१२ सञ्चालन अनुदान

१२९६।०८०।०१।१७ शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम २.८.५ को क्रियाकलाप नं २.७.१३.१० विद्यालय सञ्चालन अनुदान कक्षा १-१२ प्रति विद्यार्थी वार्षिक ३० हजारका दरले अनुदान निकासा दिन सकिने व्यवस्था रहेको छ । यसरी देहायका विद्यालयलाइ निकासा दिँदा अनुदान प्राप्त गर्ने विद्यालय संख्या, विद्यालयमा दिएको निकासा पत्र, इन्टरनेट प्रयोग गर्ने विद्यालय संख्याका आधारमा निकासा अनुदान र यसरी विद्यालय निकासा दिँदा सबै

विद्यालयले कालोपाटी तथा चकको सट्टा ह्वाइट बोर्ड प्रयोग गरेको आधारमा अनुगमन गरी निकासा दिनुपर्दछ ।

| क्र सं | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १ | श्री प्रभात मा वि | १००००० |
| २ | श्री बलम्बु मा वि | १००००० |
| ३ | श्री विष्णुदेवी शिक्षासदन | १००००० |
| ४ | श्री मंगलोदय मा वि | १००००० |
| ५ | श्री कंकाली मा वि | १००००० |
| जम्मा रु | | ५००००० |

## ४१ तलवी प्रतिवेदन

बागमती प्रदेश "स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९" को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी गर्नुहुँदैन भन्ने व्यवस्था रहेको छ । तर, पालिकाले यस आ व मा पालिका तर्फका कर्मचारीहरुका लागि रु ६,२७,७९,१४८.०६। खर्च लेखेको छ । समयमै तलवी प्रतिवेदन पारित गराइ तलब भुक्तानी गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## ४२ करार कर्मचारीलाइ महंगी भत्ता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाइ मासिक खाइपाइ आएको तलवमा १ महिना बराबरको पर्व खर्च र रु १००००। पोषाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९।१।२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाइ पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाइ महंगी भत्ता उपलब्ध गराउन नसकिने मिति २०७९।१।१५ मा गरेको निर्णयको जानकारी गराएको देखिन्छ । तर, पालिकाले यस आ व मा ६३ जना करार सेवाका कर्मचारीलाइ स्थायी कर्मचारीलाइ सरह प्रति महिना रु २०००। का दरले साउनदेखि मंसिरसम्म ५ महिना महंगी भत्ता भुक्तानी दिएको छ । यसरी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| क्र सं | कर्मचारीको पद र नाम | रकम रु |
|---|---|---|

| | | |
|---|---|---|
| १ | इ अ छैठौं श्री सयल कृष्ण श्रेष्ठ | १०,००० |
| २ | सवारी चालक श्री सचित दुलाल | १०,००० |
| जम्मा रु | | २०, ०००। |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ६००,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

४३ **गुनासो सुनुवाइ भत्ता**

✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ४,८९ , ६०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

४४ **सामुदायिक विद्यालय र क्याम्पस सञ्चालन तथा व्यवस्थापन अनुदान**

१०७९।०७९।१२।१७ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम २.८.५ को क्रियाकलाप नं २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा विनियोजित बजेटबाट विद्यालयका लागि आवश्यक सामाग्रीका लागि आवश्यक सामाग्रीका लागि विद्यालय व्यवस्थापन सञ्चालन अनुदानका लागि संघीय सरकार सशर्त अनुदानबाट तोकिए बमोजिम अनुदान दिइसकेपछि पालिकाको आन्तरिक चालु खर्चबाट २६ वटा विद्यालयहरुलाइ रु ५०००० देखि २५०००० सम्म अनुदान निकासा दिएकोमा यसरी निकासा दिँदा पालिकाको आन्तरिक आय तथा एउटा स्पष्ट नर्म्सका आधारमा तथा विद्यालयको आन्तरिक आम्दानीलाइ ख्याल राखी अनुदान निकासा दिनुपर्ने देखिन्छ ।

| क्र सं | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १ | श्री मंगलोदय बहुमुखी क्याम्पस थानकोट | २५०००० |
| २ | श्री इन्द्रज्योति प्रा वि दहचोक | ५०००० |
| ३ | श्री कृष्ण मा वि चौकीटार | २००००० |
| ४ | श्री नवदुर्गा प्रा वि दहचोक | ५०००० |
| ५ | श्री जनचेतना प्रा वि दहचोक | ५०००० |

| | | |
|---|---|---|
| ६ | श्री चम्पा शिखर प्रा वि वाडभञ्ज्याङ | १५०००० |
| ७ | श्री चण्डीभैरव मा वि वाडभञ्ज्याङ | २००००० |
| ८ | श्री चण्डीकादेवी मा वि वाडभञ्ज्याङ | २००००० |
| ९ | श्री भीम उ मा वि वाडभञ्ज्याङ | २५०००० |
| १० | श्री मंगलोदय मा वि थानकोट | २५०००० |
| ११ | श्री चुनदेवी मा वि थानकोट | २००००० |
| १२ | श्री जनकल्याण मा वि किसीपीडी | २००००० |
| १३ | श्री महालक्ष्मी नि मा वि मातातीर्थ | १५०००० |
| १४ | श्री प्रभात मा वि महादेवस्थान | २५०००० |
| १५ | श्री जनविकास मा वि मातातीर्थ | २००००० |
| १६ | श्री सेतीदेवी प्रा वि मातातीर्थ | १००००० |
| १७ | श्री चुनदेवी प्रा वि मच्छेगाउँ | १००००० |
| १८ | श्री नारायणजन मा वि मच्छेगाउँ | २००००० |
| १९ | श्री भैरवनाथ नि मा वि बोसीगाउँ | १५०००० |
| २० | श्री विष्णुदेवी शिक्षासदन सतुंगल | २५०००० |
| २१ | श्री बलम्बु मा वि बलम्बु | २५०००० |
| २२ | श्री कंकाली मा वि पुरानो नैकाप | २५०००० |
| २३ | श्री विद्यामन्दिर मा वि नैकाप | २००००० |
| २४ | श्री मङ्गल मा वि नयाँ नैकाप | २००००० |
| २५ | श्री विष्णुदेवी मा वि तीनथाना | २००००० |
| २६ | श्री काठमाण्डौ शिक्षा क्याम्पस | २५०००० |

| | |
|---|---|
| जम्मा रु | ४८,०० ,०००। |

४५ **विपद व्यवस्थापन कार्यसम्पन्न प्रतिवेदन**

१७६४।०८०।०३।१० कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम ८.२ विद्यालय भौतिक निर्माणका लागि सम्झौता भएका विद्यालयहरुलाइ रकम निकासा दिंदा निर्माण कार्यको अनुगमन निरीक्षण स्थानीय तहका प्राविधिक मार्फत गराउने र निकासा दिंदा पहिलो किस्ता ३० प्रतिशत, दोश्रो किस्ता अनुदानको ५० प्रतिशत र बाँकी २० प्रतिशत कार्यसम्पन्न गरे पश्चात नापी किताब भरि कार्यसम्पन्न तयार गरी अन्तिम किस्ताको रुपमा दिनुपर्ने व्यवस्था रहेको छ । कार्यपालिकाको मिति २०८०।०२।३२ को निर्णय अनुसार कंकाली माध्यामिक विद्यालय र पालिका बीच सम्झौता भइ विद्यालयको भवन पछाडिको पहिरो नियन्त्रण गर्न एकमूष्ट रु २९५०००। निकासा दिएकोमा सम्झौतामा उल्लेख भए अनुसार नापी किताब, विद्यालय व्यवस्थापन समितिको निर्णय, स्थानीय तहका प्राविधिकको हस्ताक्षर र विद्यालयका प्रधानाध्यापकको हस्ताक्षर सहितको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९५,००० |

४६ **शिर्षक फरक पारी खर्च**

✍ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ५,२९७,०७५ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

४७ **प्रधानाध्यापकलाइ प्रोत्साहन भत्ता**

१२९६।०८०।०१।१७ पालिकाले सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि प्रधानाध्यापकहरुको मनोबल सदा उच्च राखी सकारात्मक सन्देश प्रवाहका लागि माध्यामिक तहका प्रधानाध्यापकलाइ मासिक रु १०००।, आधारभूत तह(कक्षा ६ दर्खि ८) का प्रधानाध्यापकलाइ मासिक रु ८००। र आधारभूत तह(कक्षा १ देखि ५) का प्रधानाध्यापकहरुलाइ मासिक रु ६००। का दरले १२ महिनाको रकम एकमूष्ट रुपमा प्रोत्साहन अनुदान रकम विद्यालयको खातामा भुक्तानी गरेको छ । तर, प्रधानाध्यापकलाइ उक्त प्रोत्साहन रकम भुक्तानी गर्ने कानूनी आधार पेश नभएकाले यस्तो खर्च गर्दा पालिकालाइ थप व्ययभार परेको छ ।

| क सं | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १ | श्री जनचेतना प्रा वि | ७२०० |
| २ | श्री भीम उ मा वि | १२००० |

| | | |
|---|---|---|
| ३ | श्री प्रभात मा वि | १२००० |
| ४ | श्री चण्डीकादेवी मा वि | १२००० |
| ५ | श्री बलम्बु मा वि | १२००० |
| ६ | श्री श्रीकृष्ण मा वि | १२००० |
| ७ | श्री विष्णुदेवी शिक्षासदन | १२००० |
| ८ | श्री जनविकास मा वि | १२००० |
| ९ | श्री विद्यामन्दिर मा वि | १२००० |
| १० | श्री भैरवनाथ नि मा वि | ९६०० |
| ११ | श्री विष्णुदेवी मा वि | १२००० |
| १२ | श्री मंगल मा वि | १२००० |
| १३ | श्री चुनदेवी मा वि | १२००० |
| १४ | श्री जनकल्याण मा वि | १२००० |
| १५ | श्री महालक्ष्मी नि मा वि | ९६०० |
| १६ | श्री चण्डीभैरव मा वि | १२००० |
| १७ | श्री मंगलोदय मा वि | १२००० |
| १८ | श्री चम्पा शिखर प्रा वि | ९६०० |
| १९ | श्री नारायणजन मा वि | १२००० |
| २० | श्री कंकाली मा वि | १२००० |
| २१ | श्री इन्द्रज्योति प्रा वि | ७२०० |
| २२ | श्री सेतीदेवी प्रा वि | ७२०० |
| २३ | श्री चुनदेवी प्रा वि | ७२०० |

| | | |
|---|---|---|
| २४ | श्री नवदुर्गा प्रा वि | ७२०० |
| जम्मा रु | | २५६,८००। |

## ४८ पूजापाठ तथा धर्मसंस्कृति अनुदान

पालिकाको नगरसभाले पारित गर्ने कार्यक्रममा विभिन्न पूजा समितिहरुको निवेदन तथा मेयर र वडाध्यक्षहरुको तोकआदेशमा भुक्तानी लिइ विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गरेको छ । धार्मिक तथा ऐतिहासिक कार्यक्रमहरु सञ्चालन गर्दा स्पष्ट कार्यविधि बनाइ खर्च गरिनुपर्दछ ।

| गो भौ नं | खर्च शीर्षक | खर्च रकम रु | भुक्तानी प्राप्तकर्ता |
|---|---|---|---|
| २७१।०७९।०७।२९ | कार्यक्रम खर्च | ४०७,९१०। | इन्द्रदह कोत गाउँ व्यवस्थापन समिति वडा नं १ |
| २७२।०७९।०८।०७ | कार्यक्रम खर्च | २९९,९३७। | सनातन धर्म तथा छठ पूजा समिति वडा नं १० |
| ३२३।०७९।०८।१५ | धर्म, संस्कृति , जात्रा , पर्व , नियमित पूजा प्रवर्द्धन तथा सहायता कार्यक्रम | १५, ४४ , ७७६। | तीज कार्यक्रम बापत वडा नं १, ९ , ४ , ३ , २ , ६ , ७ र १३ |
| ४४८।०७९।०९।०५ | धर्म, संस्कृति , जात्रा , पर्व , नियमित पूजा प्रवर्द्धन तथा सहायता कार्यक्रम | १३७,९३८। | लक्ष्मण थापा, वडा नं १५ मा सातगाउँले जात्रा |
| २०५२।०८०।०३।२१ | वडागत थप चालु बजेट | २०००००। | सतुंगल बाजा तथा संस्कृति संरक्षण एंव व्यवस्थापन समिति वडा नं ११ |
| २०४६।०८०।०३।२१ | वडागत थप बजेट | ४८००००। | ऐतिहासिक पर्व तथा जात्रा व्यवस्थापनका लागि वडा नं १२ |

## ४९ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरीद नियमावली २०६४ नियम १२४ अनुसार खरीद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछी निर्माण व्यवसायीलाई करारका शर्तनामा वमोजिम अन्तिम वील भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्वंयम सेविका मातृ भवन समुह मर्मत वडा न ७ उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिलाई २०७९।३।२९ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।११।९ मा अख्तियारी दिएकोमा सो समयमा कार्य हुन नसकेको र लागत अनुमानको दररेटको आइटम न ३ मा जस्तापाताको छाना भत्काइ त्यसवाट निस्केको काठ तथा फलाम पालिकाको दररेट ६०.७६ रहेकोमा पालिकाले सोको रेट ६५३.७८ कायम गरी निज उपभोक्ता समितिलाई भुक्तानी भएकोले दररेट भन्दा वढी कुल परिमाण २६.८३ को ५९३.०२ ले हुने रु १५९१०। वढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९१० |

## ५० बाटो ढलान कार्य

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. १,०५३,४०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

## ५१ बाटो निर्माण

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. १६,७०२,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

## ५२ ट्याक कोट

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले बौथली चोकदेखि वडा कार्यालय सडक कालोपत्रे कार्यका लागि अर्थतन्त्र कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि संग २०८०।१।२० मा कार्य सम्पन्नर गर्नेगरी मिति २०७९।१०।१८ मा रु १४५१८१०।२१ को सम्झौता भई रु १४४९१५१।भुक्तानी मा वि ओ क्यु मा ट्र्याक कोट दर कामको .६ राख्नुपर्नेमा .७३ राखेकोले .१३ वढी दर राखी कुल काम भएको क्षेत्रफल ८३५.८० मा प्रति वर्ग मिटर .७३ ले हुने ६१०.१३ लिटर भुक्तानी भएकोमा तर नर्म्स अनुसार ८३५.८ को .६ का दरले हुने ५०१.४८ लिटर हुनुपर्नेमा १०८.६५ वढी लिटर विटुमिन देखिएकोले वि ओ

क्यु अनुसार २१० का दरले ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी भुक्तानी भएकोले २२८२७। मा मु अ कर समेत रु २५७९४ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,७९४ |

## ५३ विद्यालयमा निर्माण कार्य

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमि भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका ०७९।८० को कम्पोनेन्ट क्रियाकलाप नं ११.१.२.४४५ केन्द्रबाट छनोट भएका नमुना विद्यालय विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नति भएका प्राविधिक धार सञ्चालित विद्यालयको ल्याव व्यवस्थापन अनुदानको उपक्रियाकलाप र कार्यान्वयन प्रक्रियाअनुसार कंकाली मावि पुरानो नैकापलाई आवासिय भवन निर्माणका लागि रु ३० लाख, पर्खाल निर्माणका लागि रु १५ लाख र विद्यालयमा फर्निचर निर्माणका लागि रु ५ लाख निकासा दिएकोमा सोहि कार्यक्रम पुस्तिकामा सो कामका लागि कार्य सम्पन्न प्रतिवेदन बनाउनुपर्ने र सो कार्य सम्पन्न प्रतिवेदनमा पालिकाबाट खटिएको साईट ईन्जिनियर कार्यालय प्रमुखको हस्ताक्षर भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्नेमा बाह्य प्राविधिकको हस्ताक्षर भएको कार्य सम्पन्न प्रतिवेदन पेश भएकोले पालिकाबाट खटिएको प्राविधिकको हस्ताक्षर र कार्यालय प्रमुखको हस्ताक्षर भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

## ५४ स्वयंसेवक शिक्षक

संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ.व. २०७९।८० मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ७ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत तहमा जम्मा ७ जना शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेको छ । यस आ.व. मा ७ जना स्वयंसेवक शिक्षकको तलवमा कुल रु. ४२१०७७ खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था यकिन गरी विषयगत शिक्षक र आवश्यक्ता समेतलाई ख्याल राख्नुपर्ने देखिन्छ ।

## ५५ छात्रवृत्ति वितरण (१२८-२०७९-१०-२९):

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. ७.२.१.१ अनुसार विद्यालयलाई छात्रवृत्ति रकम निकासा दिंदा IEMIS अनुसार प्रविष्ट तथ्यांक सत्यापन गराई यकिन संख्याका आधारमा कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्र,छात्राको लागि प्रति विद्यार्थी

रु. ४०० का दरले हुने रकम निकासा दिने र यसरी निकासा दिएको रकम विद्यार्थीलाई वितरण गरेको भर्पाई पालिकामा पेश गर्नुपर्ने तथा रकम वितरण गर्न बाँकि भए पालिकामा निकासा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका विद्यालयलाई IEMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा निकासा दिएकोमा वितरण भर्पाइ परीक्षण गर्दा भर्पाई पेश नभएको निकासा रकम विद्यालयबाट निकासा फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम रु. | भर्पाई पेश रकम रु. | भर्पाई पेश नभएको रकम रु. |
|---|---|---|---|
| चण्डिभैरव मावि | ३७२०० | २८४०० | ८८०० |
| चुनदेवी आवि | २३२०० | १६८०० | ६४०० |
| जनकल्याण मावि | ७५२०० | ५२००० | २३२०० |
| प्रभात मावि | १३२८०० | ११२८०० | २०००० |
| विष्णुदेवी शिक्षासदन मावि | १२०४०० | ११२४०० | ८००० |
| मंगलोदय मावि | २०७२०० | १९४८०० | १२४०० |
| चुनदेवी मावि | ६४८०० | ६०००० | ४८०० |
| ईन्द्रज्योति आवि | ५२०० | ० | ५२०० |
| | | जम्मा | ८८८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८८,८०० |

५६ **दिवाखाजा कार्यक्रम** (३८१-२०८०-३-२४):

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित विद्यालय दिवाखाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ को बुँदा नं ५ मा विद्यालयहरुले चौमासिक रुपमा प्रगति विवरण तयार गरी हाजिरी सहित बजेट माग गर्ने र बुँदा नं ६ मा विद्यालयको माग बमोजिम सम्बन्धित स्थानीय तहले विद्यार्थी संख्या र हाजिरी यकिन गरी रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । तर, पालिकाले श्री मातृ अरविन्द विद्यालयलाई दिवा खाजा बापत रु.२६०४३० रकम विद्यालयको खातामा निकासा दिँदा विद्यार्थीको प्रमाणित हाजिरी नभएको अवस्थामा भुक्तानी दिएकाले सोसँग सम्बन्धित प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६०,४३० |

## ५७ शिक्षक दरबन्दी र पदपूर्ति

आ.व. २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | पदपूर्ति संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| २४ | ३८१ | ३७९ | ३०१ | ७८ | २ | १०५०४ | २७.७२ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात २७.७२ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## ५८ निकासा प्रमाण

कार्यक्रम कार्यान्वयन पुस्तिका ०७९।८० मा स्थानीय तहबाट सम्पादन हुने शशर्त अनुदानको बजेट निकासा गर्दा सोहि कार्यक्रमको २.१ (क) दरवन्दि मिलानबाट कायम भएको दरवन्दि शिक्षक अनुदान कोटा, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकको लागि विद्यालयबाट प्राप्त माग फारम रुजू गरी अनुदान दिन सकिने व्यवस्था रहेको छ । पालिकाले निम्नुसारका विद्यालयहरुलाई निकासा दिंदा प्राप्त माग फारम रुजू नगरी निकासा दिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| भौन र मिति | खर्च शिर्षक | भुक्तानि रकम | विद्यालयको नाम |
|---|---|---|---|
| ३४६।०८०।३।२१ | मावि तहका स्विकृत दरवन्दिका राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | २६०५०१ | मङ्गल मावि नँया नैकाप |
| ३४६।०८०।३।२१ | वालविकास सहजकर्ता | ८४४०० | श्रीकृष्ण मावि चौकिटार |
| | जम्मा | ३४४९०१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४४,९०१ |

## ५९ संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम विद्यार्थी मूल्यांकन

कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. २.७.१३.५१ मा IEMIS अनुसार प्रविष्टि तथ्यांकसँग सत्यापन गराई यकिन संख्याका आधारमा स्थानीय तहले आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड २०७६ को परिधिभित्र रहि कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण एवम् विद्यार्थी मूल्यांकन वापत प्रति विद्यार्थी रु. २७५ का दरले खर्च गर्न सक्ने तथा परीक्षा सञ्चालन गर्दा सामूदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीसँग शुल्कवापत कुनै रकम नलिने र प्रति विद्यार्थी रु. २७५ बाट अपुग भएमा स्थानीय तहले आन्तरीक स्रोतबाट बजेट व्यवस्था गरी परीक्षा व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । पालिकाले पालिकाभरिमा कक्षा ८ मा अध्ययनरत कूल ९५३ जना छात्र छात्रालाई संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्यांकन शिर्षकबाट प्रति विद्यार्थी रु. २७५ का दरले रु. २६२०१५ खर्च गर्नुपर्नेमा देहायका विभिन्न भौचरबाट कूल रु. ६७२००० खर्च भएको देखिन्छ । यसरी निर्देशिकामा भएको व्यवस्थाभन्दा बढि खर्च भएको रकम रु. ४०९९२५ पालिकाले संघीय सञ्चित कोष दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| भौन रमिति | खर्च शिर्षक | भएको खर्च रकम | हुनुपर्ने खर्च रकम | विवरण तथा बढि भुक्तानि |
|---|---|---|---|---|
| २१६।०८०।१।१७ | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्यांकन | ३११०३२ | २७५* ९५३ | ब्राण्ड मन्त्र प्राली |
| २५७।०८०।२।१७ | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्यांकन | २३८००० | | विभिन्न व्यक्ति ( कर कट्टि पश्चात ) |
| २५९।०८०।२।१७ | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्यांकन | १०८८०० | | सिता आर्याल ( सोधभर्ना कर कट्टि पश्चात ) |
| ३६८।०८०।३।२३ | संस्थागत क्षमता विकास परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्यांकन | १४१६८ | | सिता आर्याल ( सोधभर्ना भुक्तानि ) |
| | जम्मा | ६७२००० | २६२०७५ | ४०९९२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०९,९२५ |

६० **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** (२५०-२०८०-२-५):

✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ६५०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

६१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं.४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ.व.मा पालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| वडा नं. | कार्यक्रम | रोजगार संख्या | ज्यालामा खर्च भएको रकम |
|---|---|---|---|
| १ | दहचोक कालुपाण्डे समाधि स्थल सडक खण्ड नालि स्तरोन्नती | २ | ५२८९६ |
| ६ | कलङ्की-नागढुङ्गा सडकखण्ड सुधार माटो व्यवस्थापन | १४ | ३९१८४८ |
| | बलम्वु माध्यामिक विद्यालय परिसर तथा मुल नदि सरसफाई | ८ | ७३०८० |
| १२ | नागढुङ्गा कलङ्कि सडक खण्डका वोट विरुवा गोडमेल गर्न पानि राख्न् तथा प्रङ्गारिक मल राख्ने | १५ | ४१२०३२ |
| १५ | साकुरा खाईके पार्क व्यवस्थापन | २ | ६०५५२ |
| जम्मा | | | ९९०४०८ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ.व. मा रु. ६४७५००० रकम व्यवस्था भएकोमा रु. २९५७९३४।७५ करिव ४५.६८ % खर्च भएको देखिन्छ। यस मध्ये रु. ९९०४०८श्रमिकको ज्यालामा

खर्च भएको देखिन्छ।यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३४० मध्ये यस वर्ष २३ जनालाई जम्मा १४२३ दिन रोजगारी प्रदान गरेको देखिन्छ।

## ६२ एमआईएस अपरेटर र फिल्डसहायकको तलब

गृह मन्त्रालयको मिति २०७९।०४।१९ को च नं १४८ र पञ्जीकरण विभागको मिति २०७९।४।१३ को परिपत्र बमोजिम एम आइ एस अपरेटर र फिल्ड सहायकको तलब भुक्तानी गर्दा सम्बन्धित स्थानीय तहले ५० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख रहेको छ । तर, पालिकाले यस आर्थिक वर्षमा तोकिएका कर्मचारीहरुको ९ महिनाको तलब र दशैं खर्च संघीय सञ्चित कोषबाट रु. ६९१४६० भुक्तानी दिएको छ । सो रकमको ५० प्रतिशत रु. ३४५७३०पालिकाले व्यहोरेको पाईएन । यसरी पालिकाले नव्यहोरेको ५० प्रतिशतले हुन आउने रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४५,७३० |

## ६३ स्वास्थ्य तर्फको तलवी प्रतिवेदन

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(क)६ बमोजिम स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च लेख्नुपर्ने उल्लेख छ । यस आ.व.मा पालिकाले स्वास्थ्यतर्फका ९८ जना कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ६९५२११९१ खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाई भुक्तानी गरेको ग्रेड रकम यकिन गर्न सकिएन ।

## ६४ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष ०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमाप्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेको १ बर्थिङ सेन्टरमा गत वर्ष १३७ थानको रु. १२३२२९ र यस वर्ष १०० थान को रु. ८९८३५ खरिद गरेकोमा गतवर्ष ८३ जना र यस वर्ष ७३ जना गरी १५६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ८१ थान न्यानो झोला मौज्दातमा रहेका छन् ।पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी न्यानो झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## ६५ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | ३८३३१७००० | ३३४२५३५७७ | १०५०४ | ३१८२२ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. ३१८२२ रहेको देखिन्छ ।

## ६६ अनुगमन प्रतिवेदन

आ.व. ०७९।८० शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयलाई दिएको निकासाको विल, भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । पालिकाले देहायका विद्यालयहरुलाई पुस्तकालय स्थापना तथा व्यवस्थापन कार्यक्रमका लागि निकासा दिएकोमा सोको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौन र मिति | कार्यक्रमको नाम | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| २१८।०८०।१।१९ | पुस्तकालय स्थापना तथा व्यवस्थापन | चम्पाशिखर प्रावि बाडभञ्ज्याङ् | ६५०००० |
| २१८।०८०।१।१९ | बुककर्नर र शैक्षिक सामाग्रि बोर्ड निर्माण | जनविकास मावि मातातिर्थ | ५०००० |
| | | जम्मा | ७००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,००,००० |

## ६७ सेनेटरी प्याड व्यवस्थापन

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ.व. मा विभिन्न१९ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका २६०३ जना छात्राका लागि कूल रु. २६०३००० निकासा गरेकोमा विद्यालयले स्यानिटरी प्याड सम्बन्धि पेश गरेका प्रमाण कागजात सम्बन्धि देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

६७.१ (१८२-२०७९-१२-६):

(क) विद्यालयहरुले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा अधिकांश विद्यालयहरुले वर्षान्तमा खरिद गरि वितरण गरेको देखिन्छ ।तसर्थ कार्यक्रमको उद्देश्य अनूरुप समयमै स्यानिटरी प्याड खरिद गरी वितरण हुनुपर्दछ ।

६७.२ (ख) देहायका विद्यालयहरुले स्यानिटरी प्याडवापत निकासा भएको रकम बराबरको स्यानिटरी प्याड खरिद नगरेकोले बाँकि रकम संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम | विल भर्पाई पेश रकम | खरिद नगरेको रकम |
|---|---|---|---|
| चम्पाशिखर आ. वि . | १३००० | ७००० | ६००० |
| चण्डिभैरव मा. वि . | ६७००० | ६०७५० | ६२५० |
| नारायणजन मा. वि . | ८०००० | २४४०० | ५५६०० |
| जम्मा | | | ६७८५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,८५० |

## ६८ पाठ्य पुस्तक अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. २.४.६.१मा IEMIS अनुसार प्रविष्टि तथ्यांकसँग सत्यापन गराई यकिन संख्याका आधारमा तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तकवापतको रकम अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी

संख्याको ७५% मात्र अनुदान दिने र बाँकि २५% अनुदान शैक्षिक शत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप अनुदान दिने उल्लेख छ ।पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्यांक सँग सत्यापन गराई यकिन संख्याको आधारमा पहिलो पटक ७५% मात्र निकासा दिने र दोस्रो पटक विद्यार्थी भर्ना संख्या,पुस्तक खरिद विल तथा वितरणको भर्पाईको आधारमा नपुग भएमात्र सोधभर्ना भुक्तानि दिनुपर्नेमा देहायका विद्यालयलाई एकमुष्ट १००% रकम पुरै भुक्तानि दिएको देखियो । यसरी अनुदान निकासा दिंदा शैक्षिक सत्रमा भएको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिनु पर्नेमा खरिद र वितरण गरेको विवरण बेगर निकासा दिएकोले शैक्षिक सत्रमा भएको विद्यार्थी भर्नाको विवरण पेश हुनुपर्ने रु.

| क्र. सं . | भौ. नं . र मिति | विद्यालयको नाम | जम्मा निकासा |
|---|---|---|---|
| १ | ३४०।०८०।३।२० | श्री नरनारायण बाबा आश्रम निमावि | ११४४४ |
| २ | ३४०।०८०।३।२० | मातृ अरविन्द विद्यालय | ९१३७९ |
| ३ | ३४०।०८०।३।२० | उन्नति महिला विद्यालय | ३९६५५ |
| ४ | ३४०।०८०।३।२० | जागृत महिला विद्यालय | २६८८३ |
| ५ | ३४०।०८०।३।२० | ग्रामिण महिला विद्यालय | ९९३८ |
| जम्मा | | | १७९२९९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७९,२९९ |

## ६९ मुल्य अभिवृद्धि कर

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा जिन्सी समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । त्यस्तै मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको डि पि आर निर्माण वापतको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । उक्त रकमको कर समायोजन प्रमाण र सो को सामानको जिन्सी समेत दाखिला पेश हुनुपर्ने देखिएको रु.

| गो भौ नं | भुक्तानी पाउने | विजक र मिति | विल रकम | १३ %मु अ कर | मु अ कर ३० % | कैफियत |
|---|---|---|---|---|---|---|
| १२५५।३।२३ | निदाल ईन्जिनियरिङ्ग ६०६६३८०४९ | ६।३।२२ | ४७८२७२ | ५५०२२ | १६५०७ | जिन्सि दाखिला समेत नभएको |
| १२०६।३।२१ | विनायक ईन्जिनियरिङ्ग ६०६८७०५३५ | ३।३।२० | ४७९९६७।५ | ५५२१७ | १६५६५ | |
| १२५३।३।२३ | भि एण्ड एस मल्टिप्रपोज | | ४७८००० | ६२१४० | १८६४२ | विजक पेश नभएको तथा जिन्सि दाखिला नभएको |
| १०७५।३।१६ | ईफोर्ट ईन्जिनियरिङ्ग ६०२३९२५९८ | ९८।३।१० | ४८१०९७।५ | ५५३४७ | १६६०४ | जिन्सि दाखिला समेत नभएको |
| १२०७।३।२१ | आशा डिजाईन एण्ड विल्डर्स ६०६७०३६६२ | ११।३।२० | ४७९९६७।५ | ५५२१७ | १६५६५ | |
| १२०४।३।२१ | एडन ईन्जिनियरिङ्ग ६०६८३४३८४ | २५।३।१९ | ४८०५३२।५ | ५५२८२ | १६५८५ | |
| जम्मा | | | | | १०१४६८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०१,४६८ |

**७० उपभोक्ता समिति परिचालन सम्बन्धमा**

पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

क) उपभोक्ता समिति दर्ता - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(ख) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चाचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

(ग) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

(घ) जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

(ङ) मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएनकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

(च) धरौटीको व्यवस्था - उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

(छ) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

ज) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

छ) सव कन्ट्रयाक्टरवाट काम गराएको - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब—कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ ।कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यस पालिकाले विभिन्न योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी

निम्नानुसार सब—कन्ट्र्याक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा मु.अ.कर समेत भुक्तानी गरेको । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब—कन्ट्र्याक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप व्ययभार परेको देखियो ।सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

| गो भौ नं | योजनाको नाम | भुक्तानी रकम | सवकन्ट्र्याक्टर | सवकन्ट्र्याक्टरको विल रकम |
|---|---|---|---|---|
| ४५३।११।१६ | चुनदेवी चोकदेखि मन्दिर सडक निर्माण | १३०५००० | ईन्द्रेणी सरदार कन्स्ट्रक्सन | १५०७६३१ |
| ९५७।३।१ | जरुचा लिङ्क मार्ग सडक उपभोक्ता समिति | १४७२२३३ | समिर विल्डर्स ( मु अ क दर्ता नं. ६०१३३२३४६) | १८६०२०६ |

ज) पालिका कार्यालयका काम उपभोक्ता समितिवाट गराएको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन ।

| कामको विवरण | गो. भौ. न. र मिति | | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| वडा नं ९ कार्यालय व्यवस्थापन समिति | ११२८ | ०३/१९/२०८० | योजना भुक्तानी | ९६९००० |

| | | | | |
|---|---|---|---|---|
| वडा नं १४ मंगल मा.वि. ट्रस निर्माण उ.स. | ६३७ | १२/२९/२०७९ | योजना भुक्तानी | ९६८६०० |
| वडा नं ५ श्री जनविकास माध्यमिक विद्यालय निर्माण उ.स. | १३४ | ०७/०२/२०७९ | योजना भुक्तानी | २८३९०० |
| वडा नं १२ बलम्बु मावि निर्माण उ.स. | ४८ | ०६/१३/२०७९ | योजना भुक्तानी | ५२०९०० |
| वडा नं १४ परिसर मर्मत सुधार उ.स. | १००८ | ०३/०८/२०८० | योजना भुक्तानी | १२३०००० |
| वडा नं ११ भवन मर्मत संघार उ.स. | १०९० | ०३/१७/२०८० | योजना भुक्तानी | ३७९००० |
| वडा नं २ कार्यालय मर्मत संभार उ.स. | ८१८ | ०२/१०/२०८० | योजना भुक्तानी | ५८१२०० |
| वडा कार्यालय मर्मत तथा रंग रंगरोगन उ.स. | ७३८ | ०२/०१/२०८० | योजना भुक्तानी | ३१७२०० |
| वडा नं ९ कार्यालय व्यवस्थापन समिति | ११२८ | | योजना भुक्तानी | ९६९००० |
| वडा नं ८ मातातिर्थ आयुर्वेदिक औषधालय उ.स. | ५४६ | २०७९/१२/१९ | योजना रिनिङ्ग विल भुक्तानी | ११,४४,०००.०० |
| वडा नं ८ न्यू मातातिर्थ हस्पिटल निर्माण उ.स. | १०६८ | २०८०/०३/१६ | योजना भुक्तानी | २१,६७,८०० |
| वडा नं ८ मातातिर्थ हस्पिटल निर्माण उ.स. | ६४५ | २०८०/०१/०५ | योजना भुक्तानी | १२,८६,०००. |
| वडा नं ८ बलम्बु अस्पताल पूर्वाधार निर्माण उ.स. | ६७ | २०७९/०६/१३ | योजना भुक्तानी | १२,२८,७००.०० |
| | ८१९ | २०८०/०२/१० | योजना भुक्तानी | ७,०९,३००.०० |
| | | | जम्मा | १२७५४६०० |

७१ **सिमचौरवाट हाईभिजन र त्रिवेणीधाम वाटोमा ढल र पिच योजना**

पालिकाले मिति २०७७ ।११।४ मा कार्यदिश दिएकोमा २०७७।१२।३० सम्म काम नै नगरी शुन्य प्रगती भएकोले फलो अप लेटर लेखिएकोमा २०७८।९।२० सम्म सम्पर्क विहिन भएको टिप्पणीमा उल्लेख छ । कार्यपालिकाको मिति २०७९।४।९ को निर्णयवाट विगत आ व मा सम्झौता भई श्रोत सुनिश्चित भएका अधुरा निर्माण कार्यको थप आर्थिक भार नपर्ने गरी २०८० आषाढ मसान्तसम्म म्याद थप्ने निर्णय भएको छ । यस सम्वन्धमा काम नै नगरी सम्पर्क विहिन भएको, सुरु सम्झौता अवधि सम्म कामै नभई शुन्य प्रगति रहेको र निज निर्माण व्यवसायीले म्याद थपको निवेदनमा कार्यालय प्रमुखको तोक भएको तथा कार्यालयमा दर्ता नभएको स्थितिमा निज निर्माण व्यवसायीवाट सुरु सम्झौता रु.५३२२६५८ को अवधिभन्दा ५६४ दिन ढिला अर्थात् मिति २०७९।९।४ मा मात्र कार्यसम्पन्न गरी अन्तिम विल पेश भएको छ । यसरी सुरु सम्झौता अनुसार कार्यसम्पन्न गर्नुपर्ने अवधिसम्म पनि सम्पर्कविहिन भई शुन्य प्रतिशत काम भएको अवस्थामा समेत सम्वन्धित प्राविधिकको रायवेगर कार्यपालिकावाट म्याद थप भएको सम्वन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

७२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

७३ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|
| एकीकृत सम्पती कर | ६,५०,००,०००.०० | ३,७०,४२,४९३.६४ | २,६५,८०,२७६.०३ |
| भुमिकर/मालपोत | १,५०,००,०००.०० | १,३४,३७,५५६.४९ | २,२०,६४,६४६.६८ |

| | | | |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६६,११,१९,५५४.५९ | ४५,००,००,०००.०० | ५१,१४,९२,२३४.७७ |
| वहाल कर | ६,००,००,०००.०० | ६,५८,१३,९८४.७५ | ५,१७,०३,१०२.१७ |
| वहाल विटौरी कर | ११,००,०००.०० | ५,६५०.०० | ०.०० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२,२३,८१,०००.०० | ८,८४,२४,६५५.२६ | ५,०५,१३,०००.०० |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ०.०० | ०.०० | ३,१२,६५,०१८.७१ |
| सवारी साधन कर (साना सवारी) | २,००,००,०००.०० | ६३,७३,५८१.४५ | ०.०० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४,४८,१९,०००.०० | ४,३३,७२,७०५.४० | ३,८८,९३,७९५.६१ |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ०.०० | ०.०० | ३००.०० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ७०,००,०००.०० | २,१५,३०५.०० | २४,०९९.०० |
| अन्य मनोरञ्जन कर | १,००,०००.०० | ०.०० | ०.०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५५,००,०००.०० | ०.०० | ०.०० |
| अखेटोपहारमा लाग्ने कर | १,००,०००.०० | ०.०० | २६,२४,८२०.०० |
| ११६९१ अन्य कर | १,००,००,०००.०० | ०.०० | ०.०० |
| जम्मा कर राजस्व | १,०१,२१,१९,५५४.५९ | ७०,४६,८५,९३१.९९ | ७३,५१,६१,२९२.९७ |

प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ७०,४६,८५,९३१.९९ अर्थात अनुमानको ६९ प्रतिशत अर्थात् अनुमान भन्दा ३१ प्रतिशत कम आय प्राप्त गरेको छ । पालिका भित्र रहेका करदाताहरुको

अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याई आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

७४ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमान निम्नानुसार देखियो ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | यस वर्ष अनुमान तुलनामा संकलन % | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ६५०००००० | ३७०४२४९४ | ५७ | २६५८०२७६ |
| ११३१४ भुमिकर/मालपोत | १५०००००० | १३४३७५५६ | ९० | २२०६४६४७ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ६६१११९५५५ | ४५००००००० | ६८ | ५११४९२२३५ |
| वहाल कर | ६०००००००० | ६५८१३९८५ | ११० | ५१७०३१०२ |
| वहाल बिटौरी कर | ११००००० | ५६५० | १ | ० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२२३८१००० | ८८४२४६५५ | ७२ | ५०५१३००० |

| | | | | |
|---|---|---|---|---|
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | ० | | ३१२६५०१९ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २०००००००० | ६३७३५८१ | ३२ | ० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४४८१९००० | ४३३७२७०५ | ९७ | ३८८९३७९६ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | | ३०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ७०००००० | २१५३०५ | ३ | २४०९९ |
| ११४७९ अन्य मनोरञ्जन कर | १००००० | ० | ० | ० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५५००००० | ० | ० | ० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | १००००० | ० | ० | २६२४८२० |
| ११६९१ अन्य कर | १०००००००० | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा कर राजस्व | १०१२११९५५५ | ७०४६८५९३२ | ७० | ७३५१६१२९३ |
| १४१५७ बाँडफाँड दहत्तर बहत्तर विक्रि | १००००० | १५००००० | १५०० | २२५३६० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ७००००० | ० | ० | ५०००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २५००००० | ३११००२० | १२४ | ० |
| न्यायिक दस्तूर | १००००० | १९९०० | २० | ३२४७५४१ |
| परीक्षा शुल्क | ५०००० | २८२६०० | ५६५ | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ७००००० | १३२८१५५ | १९० | ६९८००० |
| पार्किङ्ग शुल्क | १००००० | ० | ० | ० |
| १४२४२ नक्सापास दस्तुर | ६०००००० | ५६३८६४२४ | ९४ | ५०१००७६० |
| १४२४३ सिफारिश दस्तुर | ४०००००० | २७४०१३९५ | ६९ | ४२६०६२९७ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४०००००० | २११० | ० | ५२५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४०००००० | १९८२५ | ० | ८३२० |
| १४२४९ अन्य दस्तुर | ५००००० | ० | ० | २३३४०० |

| | | | | |
|---|---|---|---|---|
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५०००००० | १००००० | १ | ० |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ५०००० | ० | ० | ० |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ० | ० | ० | २६२९५ |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | २००००० | ३६३९०० | १८२ | ७३१८४० |
| १४५२९ अन्य राजस्व | १००५०००० | २८८१००१ | २९ | २६७२०० |
| १४६११ व्यवसाय कर | १५०००००० | २०८७३६५८ | १३९ | १६४७५३६८ |
| जम्मा गैर कर राजस्व | १५३०५०००० | ११४२६८९८८ | ७५ | ११४६७०९०६ |
| जम्मा आन्तरिक राजस्व | १,१६,५१,६९,५५४.५९ | ८१,८९,५४,९२०.०४ | | ८४,९८,३२,१९८.८८ |

उल्लेखित तालिका अनुसार चालु आ व २०७९।८० मा रु १ अर्व १६ करोड ५१ लाख अनुमानित गरेकोमा जम्मा ८१ करोड ८९ लाख अर्थात् ७० प्रतिशत मात्र ( अनुमानको तुलनामा ३० प्रतिशत घटी) राजस्व संकलन भएको छ । गत वर्ष आ व २०७८।७९ को सोहि अवधिमा जम्मा रु ८४ करोड ९८ लाख आन्तरिक राजस्व संकलन भएकोमा गत आर्थिक वर्षको तुलनामा समेत कम आन्तरिक राजस्व संकलन भएको देखिन्छ । यस वर्ष बाँडफाँडवाट प्राप्त रोयल्टि लगायत १२ वटा शिर्षकमा शुन्य प्रतिशत, भुमिकर/मालपोत मा ९० प्रतिशत र दहत्तर वहत्तर तर्फ १५०० प्रतिशत सम्म आन्तरिक राजस्व संकलन भएको पाईयो । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं

शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९३८६६२५८९ | २३५४४२२५४ | २५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त राजस्व बाँडफाँड बाहेक केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७६ **सम्पति कर**

चन्द्रागिरी नगरपालिकाको आर्थिक ऐन २०७७ अनुसुची १ आवासिय प्रयोजनको लागिः बनेको घरहरु संस्थागत औद्योगिक र व्यवसायिक प्रयोजनको लागि बनेका घरहरुको लागि तोकिएको सुत्र प्रयोग गरी एकीकृत सम्पत्ति कर उठाइने व्यवस्था रहेको छ । पालिकाको स्थापना भएपछि एकीकृत सम्पत्ति कर एकमुष्ठ लिने गरेको र आ व २०७७।७८ पछि सम्पत्ति कर र मालपोत कर छुट्टाछुट्टै लिने गरेको छ । आर्थिक वर्ष २०७२।७३ देखि नै एपोलो स्टिल्स इण्ड्रष्ट्रिज प्रा लि च न पा ११ मा अवस्थित उक्त प्रा लि ले हालसम्म पनि एकिकृत सम्पत्तिकर तथा मालपोत कर दाखिला गरेको देखिएन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार निज प्रा लि ले उपयोग गर्दै आएको २४ रोपनी ८ आना ३ पैसा ३ दाम क्षेत्रफल जग्गा रहेको र सोमा वनेको भौतिक संरचना निर्माण भएको र निजले पेश गरेको विवरण अनुसार जमिनको अलग र घरले चर्चेको क्षेत्रफलको अलग अलग मालपोत र सम्पत्ति कर वुझाउन तयार रहेको भौतिक संरचना निर्माणको र खाली जग्गालाई पनि व्यावसायिक प्रयोजनमा मुल्यांकन गरिएकोमा सोमा विचार पुर्याईदिन भनेको पत्र मिति २०८०।९।३ पालिकामा पठाएको छ । पालिकाले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७२।७३ देखि आव २०७९।८० सम्म पालिकालाई वुझाउने रकम रु १४०७५०९४।९६ दाखिला नगरेको विवरण पेश भएको छ । पालिकाले निज प्रा लि लाई एकिकृत सम्पत्ति कर/ मालपोतको अद्धावधिक विवरण तयार गरी असुल गर्नुपर्दछ ।

७७ **चन्द्रागिरि हिल्स**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहको करको दर निर्धारण भएकोमा आ व २०७४।७५ सम्म प्रति यात्रु टिकटको २ प्रतिशत लिने र आ व २०७५।७६ वाट प्रति यात्रु टिकटको ५ प्रतिशत लिने

गरी निर्णय भएकोमा पुन व्यवसायीले सो गर्दा उद्योग संचालनमा बाधा पर्ने हुनाले २ प्रतिशत नै प्रति टिकट को लिने गरी मिति २०७५।२।१३ निर्णय भए वमोजिम हाल सम्म पनि २ प्रतिशतका दरले प्रति टिकटको रकम चन्द्रागिरि हिल्सले जिल्ला समन्वय समितिमा पठाउने गरेको र जिल्ला समन्वय समितिले २ प्रतिशत प्रशासनिक खर्च कटाई बाकी रकमलाई १०० प्रतिशत नै कायम गरी १०० प्रतिशतको ६० प्रतिशतले हुने रकम यस पालिकामा हुने र बाँकि २०% थाहा नगरपालिका र २०% ईनद्रसरोवर गाँउपालिका जाने व्यवस्था अनुसार यस आ व मा रु १०८३९४२४।२४ को २ प्रतिशत प्रशासनिक संचालन खर्च कट्टा गरी हुन आउने रु ६३७३५८१।४५ दाखिला भएको देखिन्छ ।

## ७८ कवाडी कर सम्बन्धमा

चन्द्रागिरी नगरपालिकाको मिति २०७७।८।१४ पत्र अनुसार काठमाडौ उपत्यकाका १८ वटा पालिका सँग सहमति गरी उपत्यका वाहिर जाने र आउने प्रमुख नाका भएकोले कवाडी कर संकलन गरिने र सोबाट उठेको रकम मेयर फोरमको वैठक वसि सहमतिका आधारमा बाडफाड गरिने निर्णय गरे अनुसार नागार्जुन नगरपालिका र कीर्तिपुर नगरपालिकाले सोमा सहमति भएको र अन्य पालिकाको जानकारी हुन सकेन । यसरी कवाडी कर उठाउन अमानतवाट उठाएको र पालिकाले पेश गरेको बैक दाखिलाको विवरण अनुसार आ व २०७७।७८, ७८।७९ र २०७९।८० सम्म रु. १३४२७०११० असुल को मध्येवाट ४४९१७००। प्राशासनिक खर्च भई रु १२९७७८४१०। बैंकमा मौज्दात रहेको छ । राजस्व सम्वन्धी श्रेस्ता कागजात अनुसन्धानकै क्रममा रहेकोले श्रेस्ता पेश हुन नसकेकोले कवाडी कर दाखिलाको सम्वन्धमा एकीन गर्न सकिएन भने लामो समय सम्म कवाडी करवाट उठेको रकमको सम्वन्धमा कुनै निर्णय नभई वैंकमा मौज्दात रहिरहेको छ ।

स्थानीय राजस्व परामर्श समितिको निर्णय अनुसार विज्ञापनको लागि न्यूनतम दर रु ७००००००।,पशुपंक्षि चौपायको रु ५०००००। र हाडछाला कवाडीको लागि रु ५०००००० । न्यूनतम मुल्यांकन कायम गरि सूचना प्रकाशन गरेकोमा कुनै पनि ठेक्का लाग्न नसकेको पालिकाले जनाएको छ ।ठेक्का लगाई पालिकाको आम्दानी वढाउने तर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थानः चन्द्रागिरी नगरपालिका ,चन्द्रागिरी नगरपालिका ,काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | निरज पाौडेल | २०७७-११-२ | २०७९-६-२७ |
| कार्यालय प्रमुख | जीवन प्रसाद आचार्य | २०७९-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मी सुवेदी | २०७७-९-२० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५७९,१८६ | ५७,५२८,४०६ | १७,८६१,३८२ | ० | ० | २,१८५,९४७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ७९,१५४,९२१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २८,७९४,०७५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५०,३६०,८४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २२१२२३२१० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ८६८६५५१२९ | चालु खर्च | ७५५०१५६३२ |
| प्रदेश सरकारबाट अनुदान | ७०००७४६० | पूँजीगत खर्च | ७७५१३१९०६ |
| राजश्व बाँडफाँट | ५८१७९७३६१ | वित्तीय/अन्य व्यवस्था | २३७६७२६२७ |
| आन्तरिक आय | २३५४४२२५४ | | |
| अन्य आय | २४६६३८१२४ | | |
| कुल आय | २००२५४०३२८ | कुल खर्च | १७६७८२०१६५ |
| बाँकी मौज्दात | | ४५५९४३३७३ | |

चन्द्रागिरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काठमाडौं
कार्यालयको कोड : ८०३३५४०४३००
वित्तीय प्रतिवेदन
आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत | जम्मा |
| प्राप्ती (क+ख) | | २,६६,७९,८०,१५६.८६ | १,७७,५४,११,९०३.४९ | | १,७७,५४,११,९०३.४९ | १,५७,५२,७१,३४५.३१ | | १,५७,५२,७१,३४५.३१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | २,४६,९३,२८,७७९.०० | १,५५,५८,९९,३६५.५६ | ०.०० | १,५५,५८,९९,३६५.५६ | १,५४,४६,८९,७५२.५१ | ०.०० | १,५४,४६,८९,७५२.५१ |
| कर | ११ | १,०१,२१,१९,५५४.५९ | ७०,४६,८५,९३१.९९ | ०.०० | ७०,४६,८५,९३१.९९ | ७३,५१,६१,२९२.९७ | ०.०० | ७३,५१,६१,२९२.९७ |
| अनुदान | | ८१,५०,४०,०००.०० | ७३,६९,४४,४४५.५२ | ०.०० | ७३,६९,४४,४४५.५२ | ६९,४८,५७,५५३.६३ | ०.०० | ६९,४८,५७,५५३.६३ |
| संघीय सरकार | १२ | ७२,७०,७०,०००.०० | ६६,६९,३६,९८५.३१ | ०.०० | ६६,६९,३६,९८५.३१ | ६१,९३,१८,६०३.३२ | ०.०० | ६१,९३,१८,६०३.३२ |
| प्रदेश सरकार | १२ | ८,७९,७०,०००.०० | ७,००,०७,४६०.२१ | ०.०० | ७,००,०७,४६०.२१ | ७,५५,३८,९५०.३१ | ०.०० | ७,५५,३८,९५०.३१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्य राजस्व | | १५,३०,५०,०००.०० | ११,४२,६८,९८८.०५ | ०.०० | ११,४२,६८,९८८.०५ | ११,४६,७०,९०५.९१ | ०.०० | ११,४६,७०,९०५.९१ |
| वित्तीय सम्पत्ति | | ४८,९१,१९,२२४.४१ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | १९,८६,५१,३७७.८६ | २१,९५,१२,५३७.९३ | | २१,९५,१२,५३७.९३ | ३,०५,८१,५९२.८० | | ३,०५,८१,५९२.८० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | १९,८६,५१,३७७.८६ | २०,०३,६५,७४७.९३ | ०.०० | २०,०३,६५,७४७.९३ | ४५,६७,३६६.८० | ०.०० | ४५,६७,३६६.८० |
| धरौटी | | ०.०० | १,९१,४६,७९०.०० | ०.०० | १,९१,४६,७९०.०० | २,६०,१४,२२६.०० | ०.०० | २,६०,१४,२२६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | २,६६,७९,८०,१५६.८६ | १,५५,३९,२१,८११.०९ | | १,५५,३९,२१,८११.०९ | १,६८,१६,११,६६८.४० | | १,६८,१६,११,६६८.४० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | २,४६,९३,२८,७७९.०० | १,५०,६२,७४,३१७.०९ | | १,५०,६२,७४,३१७.०९ | १,६१,३७,६५,७५७.४० | | १,६१,३७,६५,७५७.४० |
| पारिश्रमिक / सुविधा | १८ | ५३,२९,१०,०००.०० | ४३,९७,००,६४६.०९ | ०.०० | ४३,९७,००,६४६.०९ | ३७,८७,६१,८५१.२६ | ०.०० | ३७,८७,६१,८५१.२६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मालसामान तथा सेवाको उपयोग | १८ | ६२,६०,८८,७७९.०० | २८,७९,२७,६९५.९८ | ०.०० | २८,७९,२७,६९५.९८ | ३२,५०,४७,२३४.७९ | ०.०० | ३२,५०,४७,२३४.७९ |
| अनुदान | १८ | १०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० |
| सामाजिक सुरक्षा | १८ | ३,७२,३०,०००.०० | २,४१,६२,४६९.०० | ०.०० | २,४१,६२,४६९.०० | १,९७,४८,६०७.०० | ०.०० | १,९७,४८,६०७.०० |
| अन्य खर्च | १८ | ५२,००,०००.०० | ३२,२४,८२१.०२ | ०.०० | ३२,२४,८२१.०२ | ५१,१६,७७३.०० | ०.०० | ५१,१६,७७३.०० |
| गैर वित्तीय सम्पत्ती पूँजीगत खर्च | १८ | १,२६,६९,००,०००.०० | ७५,१२,५८,६८५.०० | ०.०० | ७५,१२,५८,६८५.०० | ८८,३५,९१,२९१.३५ | ०.०० | ८८,३५,९१,२९१.३५ |
| वित्तीय सम्पत्ति | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घ. अन्य भूक्तानी | | १९,८६,५१,३७७.८६ | ४,७६,४७,४९४.०० | | ४,७६,४७,४९४.०० | १,६८,१६,११,६६८.४० | | १,६८,१६,११,६६८.४० |
| कोषहरु | | १९,८६,५१,३७७.८६ | २,८३,१९,८२१.०० | ०.०० | २,८३,१९,८२१.०० | ६,११,४६,२३३.०० | ०.०० | ६,११,४६,२३३.०० |
| धरौटी | | ०.०० | १,९३,२७,६७३.०० | ०.०० | १,९३,२७,६७३.०० | ६६,९९,६७८.०० | ०.०० | ६६,९९,६७८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | २२,१४,९०,०९२.४० | | २२,१४,९०,०९२.४० | (१०,६३,४०,३२३.०९) | | (१०,६३,४०,३२३.०९) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६१,१३,९४,६४०.५२ | | ६१,१३,९४,६४०.५२ | ५५,४३,८७,५९४.६१ | | ५५,४३,८७,५९४.६१ |
| वर्षान्तको बाकी रकम (ङ +च | | | ८३,२८,८४,७३२.९२ | | ८३,२८,८४,७३२.९२ | ४४,८०,४७,२७१.५२ | | ४४,८०,४७,२७१.५२ |
| बैंक तथा नगद बाकी | २४ | | ६६,९६,३७,३६३.९२ | | ६६,९६,३७,३६३.९२ | ४६,३४,२४,४९३.५२ | | ४६,३४,२४,४९३.५२ |